# सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका, २०८०

आन्तरिक मामिला तथा ... , बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका, २०८०

<u>**प्रदेश राजपत्रमा प्रकाशित मिति**</u>

२०८०।१२।०८

**<u>प्रस्तावनाः</u>** मानव स्वास्थ्य र रोगमा स्वास्थ्यका सामाजिक निर्धारकहरुको महत्वपूर्ण भूमिका हुने भएको र त्यस्ता मानव स्वास्थ्यलाई असर गर्न सक्ने स्वास्थ्यका सामाजिक निर्धारकहरू र गैरस्वास्थ्य क्षेत्रका विषयहरू यातायात, शिक्षा, कृषि, खाद्यान्न, पशुपन्छी, वातावरण, खानेपानी, सरसफाइ, अर्थ, भौतिक पूर्वाधार, खेलकुद, आय, बेरोजगारी, सामाजिक भेदभाव लगायत अन्य सामाजिक तथा आर्थिकक्षेत्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने भएको तथा स्वास्थ्य क्षेत्र एक्लैको प्रयासबाट मात्र स्वास्थ्यका सामाजिक निर्धारकहरुलाई सम्बोधन गरी नागरिकलाई स्वस्थ र रोगमुक्त बनाउन कठिन भएकोले स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय तथा बहुपक्षीय समन्वय, सहकार्य, साझेदारी र सहभागितामा स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यक्रम कार्यान्वयन र अनुगमन गर्न वाञ्छनीय भएकोले,

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले स्वास्थ्यसँग सम्बन्धित स्वास्थ्यक्षेत्र बाहेकका बहुक्षेत्रीय निकायहरूले योजना र कार्यान्वयन गर्ने कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य निर्देशनालयलाई सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्रका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाँउपालिकालाई सम्झनु पर्छ।

(च) "सामाजिक निर्धारक" भन्नाले स्वास्थ्यलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा असर पार्ने विभिन्न तत्वहरूलाई सम्झनु पर्छ।

(छ) "निर्देशक समिति" भन्नाले दफा ९ बमोजिमको सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशक समितिलाई सम्झनु पर्छ।

(ज) "समन्वय समिति" भन्नाले दफा ११ बमोजिमको सबै नीतिमा स्वास्थ्य कार्यान्वयन समन्वय समितिलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(झ) "बहुक्षेत्रीय वा क्षेत्रगत निकाय" भन्नाले बागमती प्रदेश सरकारका विभिन्न मन्त्रालय र मातहतका निकायहरूलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य, निर्देशक सिद्धान्त, सैद्धान्तिक आधार र औचित्य

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्यहरू देहायबमोजिम हुनेछन्:-

(क) क्षेत्रगत निकायसँग सम्बन्धित नीतिलाई स्वास्थ्यका दृष्टिले विश्लेषण र समायोजन गर्ने।

(ख) मानव स्वास्थ्यलाई असर गर्न सक्ने स्वास्थ्यका निर्धारकहरूको पहिचान गर्ने।

(ग) क्षेत्रगत निकायसँग सम्बन्धित स्वास्थ्यका सामाजिक निर्धारकहरूको प्राथमिकता साथ सम्बोधन गर्ने।

(घ) सामाजिक स्वास्थ्य सुरक्षा पद्धतिको सुदृढीकरण गर्ने र

(ङ) स्वास्थ्य सेवा प्रवाहमा बहुपक्षीय समन्वय, सहकार्य र साझेदारीको प्रवर्द्धन गर्ने।

४. **निर्देशक सिद्धान्तः** यस निर्देशिकाको निर्देशक सिद्धान्तहरू देहायबमोजिम हुनेछन्:-

(क) स्वास्थ्यमा सर्वव्यापी पहुँच,

(ख) स्वास्थ्यमा बहुक्षेत्रीय सरोकारवाला र समुदाय बीच समन्वय, सहभागिता, सहकार्य र अपनत्व,

(ग) स्वास्थ्यमा सुशासन र लगानी अभिबृद्धि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(घ) स्वास्थ्यका लागि जनसङ्ख्यामा केन्द्रित जीवनचक्र पद्धति,

(ङ) स्वास्थ्यका लागि वातावरणमा सन्तुलन,

(च) स्वास्थ्यका लागि बहुक्षेत्रीय तथा नियमनकारी निकायको सक्रियता,

(छ) तथ्यमा आधारित स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम, र

(ज) स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम वस्तुपरक मूल्याङ्कन तथा पृष्ठपोषण।

५. **<u>सबै नीतिमा स्वास्थ्य कार्यान्वयनका सैद्धान्तिक आधार र औचित्यः</u>**

(१) देहायबमोजिमका सैद्धान्तिक आधार र औचित्यबाट समेत निर्देशित भइ सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका लागू हुनेछः-

(क) नेपालको संविधान बमोजिमका स्वास्थ्यसँग सम्बन्धित मौलिक हक,

(ख) राष्ट्रिय आवधिक योजना, नीति, रणनीति र कार्ययोजनाको भावना,

(ग) दिगो विकास लक्ष्य र स्वास्थ्यसँग सम्बन्धित यसका सबै लक्ष्य,

(घ) स्वास्थ्यका सामाजिक निर्धारक र स्वास्थ्य समता २०१७ को प्रतिवेदन,

(ङ) मानव रोग, मृत्यु र स्वास्थ्यसम्बन्धी भएका विभिन्न अध्ययन र अनुसन्धानको प्रतिवेदन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(च) संघीय र प्रदेशको स्वास्थ्य र अन्य क्षेत्रगत कानून, आवधिक योजना, नीति, रणनीति र कार्ययोजनाको भावना।

(२) सबै नीतिमा स्वास्थ्यको पुष्ठभूमी र औचित्य अनुसूची-१ बमोजिम हुनेछ।

(३) सबै नीतिमा स्वास्थ्यको नीतिगत व्यवस्था अनुसुची-२ बमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>सहकार्यका क्षेत्र, कार्यक्रम तथा क्रियाकलाप</u>

६. **<u>सबै नीतिमा स्वास्थ्य कार्यान्वयन सहकार्यको क्षेत्र</u>:** सबै नीतिमा स्वास्थ्य कार्यान्वयनको मुख्य क्षेत्रहरू देहायबमोजिम हुनेछन:-

**(क) शिक्षा, युवा तथा खेलकुद:**

(१) कर्मचारीको क्षमता अभिवृद्धि र व्यावसायिक विकासः शिक्षक, प्रशासक र सहयोगी कर्मचारीहरू लगायत विद्यालयका कर्मचारीहरूलाई विद्यार्थीको स्वास्थ्य प्रवर्द्धन गर्न उनीहरूको ज्ञान र सीप बढाउन प्रशिक्षण र व्यावसायिक विकासका अवसरहरू प्रदान गर्दै पोषण, मानसिक स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य र विद्यालयको सकारात्मक वातावरण सृजना।

(२) विद्यालय, अभिभावक र पारिवारिक सहकार्यः विद्यालय र घरमा स्वास्थ्य प्रवर्द्धन गर्न अभिभावक र परिवारको संलग्नतालाई प्रोत्साहन र सहजीकरण गर्दै पोषण र स्वस्थ खाना पकाउने, अभिभावकीय सीप सिकाइ र कल्याणको लागि सहयोगी घर वातावरण सृजना गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) अनुगमन र मूल्याङ्कनः विद्यालयहरूमा स्वास्थ्यसम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्ने। यस्तो अनुगमनमा विद्यार्थीको स्वास्थ्य अवस्था, व्यवहार परिवर्तन एवं भविष्यको बारेमा स्वास्थ्यसम्बन्धी निर्णय लिन सक्ने क्षमता विकास गर्ने शैक्षिक कार्यक्रम समावेश भए नभएको मूल्याङ्कन गर्ने।

(४) एक विद्यालय एक नर्स कार्यक्रममा साझेदारीः एक विद्यालय एक नर्स कार्यक्रमलाई साझेदारी कार्यक्रमको रूपमा सञ्चालन गरी विद्यालय परिवार तथा समुदायको स्वास्थ्य र स्वास्थ्य प्रवर्द्धनका क्षेत्रमा सहकार्य गर्ने।

**(ख) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गताः**

(१) मातृ र बालबालिकाः महिला तथा बालबालिकासम्बन्धी नीति र कार्यक्रमहरूमा स्वास्थ्यका पक्षहरू समावेश गरी मातृ र बाल स्वास्थ्य परिणामहरू सुधार गर्दै गुणस्तरीय प्रसवपूर्व हेरचाह, सुरक्षित प्रसव, खोप, पोषण, प्रारम्भिक बालविकास कार्यक्रम र प्रजनन स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, महिला सङ्गठनहरू, बाल कल्याणकारी निकायहरू र शिक्षा क्षेत्रबीच सहकार्य गर्ने।

(२) लैङ्गिक हिंसाः लैङ्गिक हिंसालाई सम्बोधन गर्न महिला र बालबालिकाको सुरक्षा र कल्याण प्रवर्द्धन गर्न सहयोगी प्रयासहरू गर्ने, लैङ्गिक हिंसा रोकथामका लागि सुरक्षित घर (सेफ हाउस) र कानूनी सेवा र सुरक्षाका लागि व्यवस्था र सो अनुरूपको रणनीतिहरू विकास गर्न स्वास्थ्यक्षेत्र, कानूनक्षेत्रका विज्ञ, महिला अधिकारकर्मी

आन्तरिक मामिला तथा कानून मं...य, बागमती प्रदेश

संस्था र सामुदायिक समूहबीच साझेदारी गर्ने, सचेतना अभियान सञ्चालन गर्ने, स्वास्थ्य सेवा प्रदायकहरूका लागि प्रशिक्षण र हिंसाबाट प्रभावितहरूका लागि व्यवस्थित र सुदृढ प्रेषण प्रणालीको विकास गर्ने।

(३) ज्येष्ठ नागरिक स्वास्थ्य सेवा, हेरचाह र सहयोगः ज्येष्ठ नागरिकहरूको स्वास्थ्य र सामाजिक आवश्यकतालाई सम्बोधन गर्न स्वास्थ्यक्षेत्र, समाज कल्याणसँग सम्बन्धित सङ्घ संस्था, सामुदायिक संस्था र हेरचाहकर्ताबीचको सहकार्यलाई प्रवर्द्धन गर्ने, सक्रिय बुढ्यौली प्रवर्द्धन गर्ने, उमेर ढल्केकाको आवश्यकता अनुरूप स्वास्थ्य सेवाहरू प्रदान गर्ने, ज्येष्ठ नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा, हेरचाह तथा सहयोग प्रदान गर्ने र हेरचाहकर्तालाई सहयोग गर्ने नीति र कार्यक्रम समावेश गर्ने।

(४) अपाङ्गता भएका नागरिक हेरचाह र सहयोगः अपाङ्गता भएका नागरिकको स्वास्थ्य र सामाजिक आवश्यकताहरूलाई सम्बोधन गर्न स्वास्थ्यक्षेत्र र समाजिकक्षेत्रसँग सम्बन्धित सङ्घ संस्था, सामुदायिक सङ्घ संस्था र हेरचाहकर्ताबीचको सहकार्यलाई प्रवर्द्धन गर्ने।

(५) अटिजम भएका बालबालिकाहरूको हेरचाह, शिक्षा, स्वास्थ्य, सीप र सहयोगः अटिजम भएका बालबालिकाहरूको लागि आवश्यक शिक्षा, सीप, स्वास्थ्य उपचार, हेरचाह र हेरालुलाई आवश्यक सहयोग

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गर्न विभिन्न सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

**(ग) खानेपानी, सरसफाई र स्वच्छताः**

(१) सुरक्षित खानेपानीमा पहुँचः सुरक्षित र सफा पिउने पानीमा पहुँच, पानीको गुणस्तर अनुगमन, पानीको स्रोत संरक्षण र सबै समुदायलाई पर्याप्त र सुरक्षित खानेपानी आपूर्तिको व्यवस्थाको लागि सहकार्य गर्ने।

(२) सरसफाइ र स्वच्छता सुविधाः स्वास्थ्यकर्मी, सरसफाइसँग सम्बन्धित सङ्घ संस्था र सामुदायिक संस्था बीचको सहकार्यले पर्याप्त सरसफाइ सुविधा (जस्तै शौचालय र ढल निकास प्रणाली) पहुँच सुनिश्चित गर्ने नीति र कार्यक्रमहरूको विकास गर्ने र स्वच्छता अभ्यासहरू जस्तैः हात धुने, महिनावारी सरसफाइ र सुरक्षित फोहोर विसर्जन आदिमा सहकार्य गर्ने।

(३) व्यवहार परिवर्तन र स्वास्थ्य शिक्षाः शिक्षा क्षेत्र, स्वास्थ्यसम्बन्धी सङ्घ संस्था, खानेपानी सरसफाइ र स्वच्छता (WASH) सरोकारवालाहरूबीचको सहकार्यद्वारा व्यवहार परिवर्तनको प्रवर्द्धन गर्न स्वच्छ पानी, सरसफाइ र स्वच्छता अभ्यासहरूको महत्त्वबारे सचेतना जगाउने शैक्षिक अभियान, विद्यालय पाठ्यक्रममा हात धुने अभ्यास, सरसफाई, सामुदायिक संलग्नता र पानीसम्बन्धी रोगहरूको रोकथाम र सुरक्षित अभ्यासको जानकारी दिने तथा जनचेतना अभिवृद्धि गर्ने काममा सहकार्य गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) आपतकालीन अवस्थामा पानी र सरसफाईः आपतकालीन र मानवीय सङ्कटको समयमा खानेपानी, सरसफाई र स्वच्छता (WASH) का आवश्यकता सम्बोधन गर्न स्वास्थ्य सम्बद्ध संस्था, विपद् सम्बद्ध संस्था र खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदायकहरू बीचको सहकार्यबाट सुरक्षित पानी, सरसफाइ र आपतकालीन अवस्थामा स्वच्छताका सुविधामा पहुँच सुनिश्चित गर्न स्वच्छ पिउने पानी, आपतकालीन सरसफाइ सुविधा, सरसफाइ प्रवर्द्धन र रोगको रोकथामका उपायहरू समावेश गर्न सहकार्य गर्ने।

(५) समन्वय र सहकार्यः सीमान्तकृत वर्गलाई खानेपानी, सरसफाई र स्वच्छताको पहुँचमा प्राथमिकता दिन स्वास्थ्यकर्मी, सामुदायिक सङ्घ संस्था र नीति निर्माताबीच सहकार्य गर्दै खानेपानी, सरसफाइ र स्वच्छताको पहुँचमा असमानताहरूलाई सम्बोधन गर्ने नीति र न्यायोचित वितरण सुनिश्चित गर्ने।

**(घ) कृषि, खाद्य र पोषणः**

(१) खाद्य सुरक्षाः स्वास्थ्य एवं कृषि सम्बद्ध संस्था तथा अन्य सम्बन्धित सरोकारवालाहरू बीचको सहकार्य गरी खाद्य आपूर्ति चक्रको सुरक्षा सुनिश्चित गर्न नीति र नियमहरूको विकास र कार्यान्वयन गर्ने, खाद्यान्नको उत्पादन, प्रशोधन, भण्डारण र वितरणमा खाद्यजन्य रोगहरू र प्रकोप रोक्नको लागि निगरानी प्रणाली सुदृढ गर्ने, जोखिम मूल्याङ्कन र निगरानीसम्बन्धी कार्य गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) पोषण र स्वस्थ खानाः स्वास्थ्य, कृषि र शैक्षिक संस्थाबीचको सहकार्य मार्फत पोषण र स्वस्थ खाना प्रवर्द्धन गर्ने, पोषणयुक्त खानाको पहुँचलाई सुनिश्चित गर्ने, दिगो र स्वस्थ खाद्य उत्पादन अभ्यासहरू प्रवर्द्धन गर्ने, स्वस्थ खानासम्बन्धी व्यवहारप्रति उपभोक्ता सचेतना बढाउने नीति र कार्यक्रमहरू समावेश गर्ने, खाद्य लेबलिङ सुधार गर्ने र फलफूल, तरकारी र स्थानीय स्तरमा उत्पादन हुने सम्पूर्ण खाद्यान्नको उपभोगलाई प्रोत्साहन गर्ने।

(३) कृषि क्षेत्रको दिगो विकासः कृषि क्षेत्रसँग सम्बन्धित सङ्घ संस्था, स्वास्थ्यकर्मी र वातावरणीय स्वास्थ्यसँग सम्बन्धित संस्थाहरू बीचको सहकार्यलाई प्राथमिकता दिइ कृषिक्षेत्रको दिगो विकासका लागि सहकार्य गर्ने तथा वातावरणमैत्री खेती विधिहरू प्रवर्द्धन गर्ने, हानिकारक कीटनाशक विषादी र रासायनिक मलको प्रयोगलाई कम गर्ने तथा दिगो भूमि र पानी व्यवस्थापनलाई सहयोग गर्ने नीति एवं अभ्यासहरू विकास गर्ने र दीर्घकालीन खाद्य सुरक्षा प्रवर्द्धन गर्न जैविक खेती, कृषि-वन र पशुपालनका असल अभ्यासलाई अवलम्बन गर्न प्रोत्साहन गर्ने।

(४) कृषि श्रमिकको स्वास्थ्य र सुरक्षाः स्वास्थ्यक्षेत्र, श्रमसँग सम्बन्धित सङ्घ संस्था र कृषिसँग सम्बन्धित सङ्घ संस्थाबीचको सहकार्यमा जोड दिई कृषि श्रमिकहरूको स्वास्थ्य र सुरक्षालाई प्राथमिकता दिने र कामदारहरूलाई पेशागत जोखिमबाट जोगाउने, उचित पारिश्रमिक सुनिश्चित गर्ने, स्वास्थ्य सेवा प्रदान गर्ने र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कृषिक्षेत्रमा काम गर्ने अवस्था सुधार गर्ने नीति र नियमको विकास र कार्यान्वयन समावेश गर्ने, कृषि श्रमिकहरूको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य प्रवर्द्धन तथा रोगको रोकथामसम्बन्धी कार्य गर्नुको साथै उनीहरुको सामाजिक सुरक्षाको पहुँचलाई सुनिश्चित गर्ने।

(५) खाद्यमा समानता र पहुँचः स्वास्थ्य सम्बद्ध निकाय, सामुदायिक सङ्घ संस्था र नीति निर्माताबीचको सहकार्यलाई जोड दिई खाद्य समानता र पहुँचको क्षेत्रलाई सम्बोधन गर्ने, खाद्य असुरक्षालाई सम्बोधन गर्ने नीतिहरू र कार्यक्रम विकास गर्ने, दुर्गम र पछाडि परेको समुदायहरूमा किफायती र पौष्टिक खानाको पहुँचमा सुधार गर्ने, शहरीक्षेत्रमा करेसाबारी र कौसी खेती, सामुदायिक बगैँचा र स्थानीय खाद्य प्रणालीलाई खाद्य सम्प्रभुता र लचिलोपन वृद्धि गर्ने कार्यहरूलाई सहयोग गर्ने।

(६) अनुसन्धान र नवीनताः शैक्षिक संस्था, अनुसन्धानकर्ता, शिक्षाविद् र नीति निर्माताबीचको सहकार्यलाई कृषि र खाद्यसम्बन्धी प्रमाणमा आधारित निर्णय गर्न अनुसन्धानात्मक कार्य गर्ने जसमा सिकाइ प्रवर्द्धन, नवीनता र दिगो तथा स्वस्थ खाद्य उत्पादन र प्रशोधन प्रविधिहरूको विकासलाई प्रोत्साहित गर्ने।

**(ङ) पशुपन्छी स्वास्थ्यः**

(१) जुनोटिक रोग रोकथाम र नियन्त्रणः पशुधन खोप कार्यक्रम, खाद्य सुरक्षा र रोग निगरानीसम्बन्धी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

नीतिहरूमा मानव स्वास्थ्यको पक्षलाई विचार गर्दै एकीकृत गरेर एभियन इन्फ्लुएन्जा, साल्मोनेलोसिस वा ब्रुसेलोसिस जस्ता रोगहरूको प्रकोप रोक्न मद्दत गर्ने कार्यक्रमहरु गर्ने।

(२) रोग निगरानी र प्रतिवेदनः पशुजन्य रोगहरूको अनुगमन र प्रतिवेदनको लागि एक प्रणाली स्थापना गर्ने साथै सम्भावित रोगको प्रकोपलाई तुरुन्तै पहिचान गर्न र प्रतिवेदन गर्न किसानहरू र पशु चिकित्सा पेशाकर्मीलाई प्रशिक्षण दिने।

(३) प्रति-जैविक प्रतिरोधीः प्रति-जैविक प्रतिरोधीलाई रोक्न पशुधन उत्पादनमा एन्टिबायोटिकको जिम्मेवार प्रयोग र मानव स्वास्थ्यमा पर्ने असर बारेमा सचेतना जगाउने कार्यक्रमहरु गर्ने जसमा किसान र पशु चिकित्साकर्मीहरूलाई उपयुक्त खुराक मात्रा, उपचार अवधि र सम्भव भएमा एन्टिबायोटिकको विकल्पहरू कार्यान्वयन गर्ने।

(४) खाद्य सुरक्षाः पशुधन उत्पादन, प्रशोधन, प्रयोग र वितरणसम्बन्धी नीति र नियमहरूमा मानव स्वास्थ्यका पक्षहरू समावेश गर्ने, खाद्यजन्य रोगहरूको जोखिम कम गर्न र मासु, दुध तथा अन्य पशुधन उत्पादनहरूको समग्र गुणस्तर र सुरक्षा सुधार गर्न बहुपक्षीय समन्वय र सहकार्य गर्ने।

(५) पशु कल्याणः पशुधन उत्पादन प्रणालीमा स्वस्थ गोठ, यातायात, ह्यान्डलिङ र वध अभ्याससँग सम्बन्धित नीति

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

र नियमहरूमा पशु कल्याण विचारहरूको लागि पैरवि गर्ने।

(६) पशुपालक किसान शिक्षा र तालिमः पशु पोषण, नस्ल छनोट, प्रजनन् व्यवस्थापन र रोग रोकथाम जस्ता विषयहरू समेटेर पशुपालक किसानहरूलाई पशु स्वास्थ्य र उत्पादकत्व सुधार गर्न ज्ञान र सीपहरू प्रदान गर्ने कार्यक्रम गर्ने।

(७) अनुसन्धान र नवीन सोचः पशुधन स्वास्थ्य र उत्पादकत्व, खुवाउने दिगो अभ्यास र रोग व्यवस्थापन सुधार गर्न लक्षित अनुसन्धानहरूलाई सहयोग गर्ने, मानव स्वास्थ्यको सुरक्षा गर्दै पशु उत्पादनमा वृद्धि गर्न नवीन प्रविधि र अभ्यासहरू अपनाउन प्रोत्साहन गर्ने।

(८) पर्यावरणीय प्रभावः पशुपालनले हरितगृह ग्यास उत्सर्जन, जल प्रदूषण र वन विनाश जस्ता महत्त्वपूर्ण पर्यावरणीय प्रभाव हुन सक्छ। यो पर्यावरणीय कारकले अप्रत्यक्ष रूपमा मानव स्वास्थ्यलाई असर गर्न सक्छ। स्वास्थ्य र वातावरणीय पक्षलाई विचार गरी विद्यमान नीति र नियमहरूमा एकीकृत गरेर दिगो पशुधन अभ्यासलाई सहयोग गर्ने, वातावरणमैत्री खेती विधिहरू प्रवर्द्धन गर्न र पशुधन उत्पादनमा सहयोग पुऱ्याउन सहजीकरण गर्ने।

(९) पशुजन्य फोहर व्यवस्थापनः वातावरणीय प्रदूषण र जनस्वास्थ्य जोखिम न्यूनीकरण गर्न पशुधनको फोहर व्यवस्थापन आवश्यक हुन्छ। बहुक्षेत्रीय सहकार्यबाट पशुपालनमा फोहर व्यवस्थापन अभ्यासहरूको

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

कार्यान्वयनका लागि उचित भण्डारण, प्रशोधन र मल तथा फोहरको उपयोग गर्न बायोग्याँस प्लान्ट, कम्पोष्टिङ र बायो डाइजेस्टर जस्ता प्रविधिहरू प्रवर्द्धन गर्ने, साथै किसानहरूलाई कुशल फोहर व्यवस्थापन अभ्यासहरूमा तालिम कार्यक्रमहरू सञ्चालन गर्ने।

**(च) श्रम, रोजगार र यातायातः**

(१) पेशाजन्य स्वास्थ्यः पेशाजन्य स्वास्थ्य र सुरक्षाका नियमहरू लागू गर्ने र कार्यस्थलहरूको नियमित निरीक्षण गर्ने, कार्यस्थलमा हुने जोखिमबारे तालिम दिने र व्यक्तिगत सुरक्षा उपकरण (PPE) को प्रयोगमा जोड दिने, कार्यस्थलमा शारीरिक क्रियाकलापहरू र तनाव व्यवस्थापन कार्यक्रम मार्फत स्वास्थ्य प्रवर्द्धनका प्रयासहरू गर्ने, पेशाजन्य रोगहरूलाई सम्बोधन गर्न नियमित स्वास्थ्य जाँच र रोकथामका उपायहरूको व्यवस्था गर्ने।

(२) पेशाजन्य सुरक्षाः उचित ज्याला र भेदभाव विरुद्ध उभिदै निष्पक्ष रोजगार अभ्यासको लागि वकालत गर्ने, लचिलो काम गर्ने समय, अभिभावकीय बिदा नीतिहरूमार्फत काम र व्यक्तिगत जीवन सन्तुलनलाई प्रोत्साहन गर्ने, रोजगारी अभिवृद्धि गर्न सीप विकास र व्यावसायिक तालिम कार्यक्रमहरूलाई सहयोग गर्ने, स्वास्थ्य सेवा र सेवा निवृत्त लाभहरू जस्ता सामाजिक सुरक्षा उपायका पहुँचलाई सहज बनाउन वकालत गर्ने जस्ता कार्यक्रमहरूमार्फत पेशाजन्य सुरक्षाको सुनिश्चितता गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) अनुगमनः पेशागत स्वास्थ्य सूचकहरू नियमित अनुगमन गर्न र पेशाजन्य स्वास्थ्यमा अनुसन्धान सञ्चालन गर्न निगरानी प्रणाली स्थापना गर्ने।

(४) ट्राफिक व्यवस्थापन र भिडभाडः सार्वजनिक यातायात, साइकल चलाउने पूर्वाधार र पैदलयात्रीमैत्री शहरी योजना जस्ता दिगो यातायात विकल्पहरू प्रवर्द्धन गर्ने नीतिहरू विकास र कार्यान्वयन गर्ने, निजी सवारी साधनमाथिको निर्भरता घटाएर वैकल्पिक यातायातका साधनहरूलाई प्रवर्द्धन गरी ट्राफिक जामलाई कम गर्ने।

(५) वायुको गुणस्तर र उत्सर्जन न्यूनीकरणः सडक यातायातबाट हुने उत्सर्जनलाई सम्बोधन गरी प्रदेशमा हावाको गुणस्तर सुधार गर्नमा जोड दिने रणनीति अपनाउने जसमा स्वच्छ इन्धनको प्रवर्द्धन, सवारी साधनको उत्सर्जन मापदण्ड लागू गर्ने र विद्युतीय सवारी साधनहरू प्रवर्द्धन गरी वायु प्रदूषण घटाएर, खराब वायु गुणस्तरसँग सम्बन्धित प्रतिकूल स्वास्थ्य प्रभावहरूलाई कम गर्न सहकार्य गर्ने।

(६) सडक सुरक्षाः सडक पूर्वाधार योजना र डिजाइनमा स्वास्थ्यको पाटो एकीकृत गर्ने, ट्राफिक सुरक्षा नियमहरू लागू गर्ने, पैदल यात्री र साइकल चालकको सुरक्षामा सुधार गर्ने र सुरक्षित सवारी चालक व्यवहारमा जोड दिदै सडक सुरक्षा बढाएर सडकमा हुने दुर्घटना कम गर्ने।

(७) यातायात सेवाहरूमा पहुँचः सडक विस्तार तथा पूर्वाधार विकास जस्ता यातायात परियोजनाहरूको सम्भावित

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

स्वास्थ्य प्रभावको मूल्याङ्कन र नकारात्मक स्वास्थ्य प्रभावलाई कम गर्ने उपायहरू पहिचान गर्ने।

(८) जनचेतना अभिवृद्धिः सुरक्षित सडक प्रयोग र दुर्घटना न्यूनीकरणका लागि जनचेतना बढाउने। (जस्तैः जेब्रा क्रसबाट बाटो काट्ने, गाडी र सडकको भार बहन क्षमता, गाडीको नियमित चेक जाँच, सडक बत्ती, सवारी साधनको गती ईत्यादी।)

**(छ) आवास, शहरी विकास र भौतिक योजनाः**

(१) आवास, शहरी विकास र भौतिक योजनाः न्यून लागतको स्वस्थ्यकर र सुरक्षित घर, हिंडडुल गर्न सकिने, साइकलमैत्री र अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज पहुँच (walkable, bike-friendly, and accessible to people with disabilities), पार्क, हरियाली क्षेत्र, खेल मैदान, सुरक्षित फुटपाथ, एम्बुलेन्स र दमकलको सहज पहुँच, यातायातको सहज उपलब्धताको व्यवस्था गर्ने।

(२) अपराध रोकथामः सडक बत्ती, सीसी क्यामेरा आदि मार्फत सुरक्षित आवासको व्यवस्थापन गर्ने, भूकम्प प्रतिरोधी आवास निर्माणको मापदण्ड लागू गर्ने, मानवमैत्री भौतिक संरचनाको विकास तथा विस्तार एवं व्यवस्थित शहरी विकासमा सहकार्य गर्ने।

**(ज) वन वातावरण र जलवायु परिवर्तनः**

(१) वायु प्रदूषण नियन्त्रणः स्वास्थ्य मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र सम्बन्धित सरोकारवालाहरू बीच वायु प्रदूषण कम गर्नका लागि नीति र कार्यक्रमहरू

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विकास र कार्यान्वयन गरी सहकार्यमा कार्यान्वयन गर्ने, स्वच्छ उर्जा स्रोत प्रवर्द्धन गर्ने, सवारी साधनको उत्सर्जन मापदण्डमा सुधार गर्ने र वायु प्रदूषणको स्वास्थ्य प्रभावको बारेमा चेतना जगाउने लगायतका क्रियाकलापहरू गर्ने।

(२) जलस्रोत व्यवस्थापनः प्रदेशभित्र जलस्रोतको दिगो व्यवस्थापन गर्ने, स्वास्थ्य मन्त्रालय, खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र अन्य सरोकारवालाहरू बीचको सहकार्यले खानेपानी तथा सरसफाइका लागि सुरक्षित र स्वच्छ पानीको प्रबन्ध सुनिश्चित गर्न रणनीति बनाई कार्य गर्ने, पानी प्रदूषणका कारण मानवजन्य स्वास्थ्यमा पर्ने प्रभावलाई ध्यान दिने जस्ता क्रियाकलापहरू बहुपक्षीय समन्वय र सहकार्यमा गर्ने

(३) जैविक विविधता संरक्षणः जैविक विविधता र परिस्थितिक प्रणालीको संरक्षण गर्ने कार्यका लागि स्वास्थ्य मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र सम्बन्धित संस्थाहरूबीचको सहकार्यले प्राकृतिक स्रोतको दिगो उपयोग प्रवर्द्धन गर्न, लोपोन्मुख प्रजातिको संरक्षण र मानव स्वास्थ्यको हितका लागि इकोसिस्टम सेवाहरूको संरक्षण गर्ने।

(४) जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणः बागमती प्रदेशमा जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न लचिलोपन प्रवर्द्धन गर्ने, स्वास्थ्य मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र जलवायुसम्बन्धी निकायहरूबीचको सहकार्यले विपद्

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

पूर्वतयारी, दिगो कृषि र जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका लागि नीति तथा रणनीतिहरूको विकास र कार्यान्वयन गर्नुका साथै नवीकरणीय उर्जा प्रवर्द्धन गर्न पैरवी गर्ने।

(५) वन व्यवस्थापन र संरक्षणः मानव स्वास्थ्यलाई प्राथमिकता दिने, दिगो वन अभ्यास प्रवर्द्धन गर्दै वायु प्रदूषण घटाउने, जलवायु परिवर्तनका प्रभावहरूलाई न्यूनीकरण गर्ने र जैविक विविधताको संरक्षण गर्ने, वन व्यवस्थापन निर्णय प्रक्रियामा सामुदायको संलग्नता र सहभागिता बढाउने, स्वास्थ्यक्षेत्रका आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य संस्था व्यवस्थापन समितिहरूको सहभागिता बढाउदै लैजाने, वन तथा हरियाली क्षेत्रबाट स्वास्थ लाभका बारेमा जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने, वन व्यवस्थापन योजना बनाउँदा लामखुट्टे नियन्त्रणका उपायहरू र निगरानी प्रणाली जस्ता कीटजन्य रोगहरू नियन्त्रण गर्ने उपायहरू समावेश गर्ने, अवैध रूपमा रुख कटान, वन्यजन्तुको सिकार र वनलाई ह्रास गर्ने र जनस्वास्थ्यमा असर पार्ने अन्य गतिविधिहरूलाई रोक्नको लागि नियमनकारी संयन्त्रलाई बलियो बनाउने, मानसिक स्वास्थ्य, श्वासप्रश्वास स्वास्थ्य र समग्र जीवन यापनमा वन इकोसिस्टमको प्रभावको अध्ययन र वनबाट स्वास्थ्यमा पुग्ने लाभबारे अनुसन्धान र ज्ञान आदानप्रदानलाई प्रवर्द्धन गर्ने, वनमा हुने डढेलोको कारण स्वास्थ्यमा पर्न जाने असरबारे जनचेतनाका अभियानहरू सञ्चालन गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(६) वातावरणीय प्रभाव मूल्याङ्कनः वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रक्रियामा स्वास्थ्यमा पर्ने प्रभाव समावेश गर्ने, स्वास्थ्य, वन तथा वातावरण मन्त्रालय र वातावरण विभागबीचको सहकार्यले पूर्वाधार विकास, जलविद्युत परियोजना र औद्योगिक गतिविधि जस्ता विकास परियोजनासँग सम्बन्धित सम्भावित स्वास्थ्य प्रभावहरूको विस्तृत मूल्याङ्कन समावेश गर्ने कुरा सुनिश्चित गर्दै लैजाने।

(७) दिगो शहरी योजनाः बहुक्षेत्रीय सहकार्यले फोहोरमैला व्यवस्थापनमा सुधार, हरियाली स्थल, दिगो यातायात र जलवायु अनुकुल शहरी पूर्वाधार जस्ता उपायहरूमार्फत हरित र स्वस्थ शहरहरूको प्रवर्द्धन गर्ने।

७. <u>**बहुक्षेत्रीय निकायगत सहकार्यका कार्यक्रम तथा क्रियाकलाप:**</u> (१) सबै नीतिमा स्वास्थ्यका बहुक्षेत्रीय वा क्षेत्रगत निकायहरूले सहकार्य गर्नुपर्ने क्षेत्रगत कार्यक्रम वा क्रियाकलाप, अपेक्षित नतिजा, जिम्मेवार निकाय र सहयोगी निकायहरू अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछन।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम वा क्रियाकलाप बहुक्षेत्रीय वा क्षेत्रगत निकायहरूले वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ।

(३) क्षेत्रगत निकायहरूले अपेक्षित नतिजा हासिल गर्नका लागि उपदफा (१) बमोजिमको कार्यक्रम/क्रियाकलाप मन्त्रालयको समन्वयमा समयसापेक्ष परिमार्जन गर्दै जान सक्नेछन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# परिच्छेद-४

## कार्य सञ्चालन विधि तथा कार्यान्वयन संरचनागत व्यवस्था

८. **सबै नीतिमा स्वास्थ्य निर्देशिका कार्यान्वयन विधिः** सबै नीतिमा स्वास्थ्य कार्यान्वयन कार्य सञ्चालन बिधि देहाय बमोजिम हुनेछः-

(क) नीति र कानूनमा स्वास्थ्यसँग सम्बन्धित बिषय समावेश गर्नेः बागमती प्रदेश सरकारले तयार गरेका सबै क्षेत्रका नीति, ऐन, नियम, निर्देशिका र कार्यविधिहरूमा स्वास्थ्यको पक्षलाई विचार गर्दै पुनरावलोकन गर्ने र स्वास्थ्यसँग सम्बन्धित विषयहरू पनि सबै क्षेत्रका विद्यमान नीति, ऐन, नियम, निर्देशिका र कार्यविधिहरूमा समावेश गर्ने र बागमती प्रदेश सरकारले भविष्यमा निर्माण गर्ने सबै क्षेत्रका नीति, ऐन, नियम, निर्देशिका र कार्यविधिहरूमा स्वास्थ्यसँग सम्बन्धित विषय र समस्याहरू विश्लेषण गर्ने र त्यसलाई सम्बोधन गर्ने प्रावधान सम्बन्धित क्षेत्रले प्रस्ताव र समावेश गर्नु पर्नेछ।

(ख) स्वास्थ्य क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्नेः स्वास्थ्य सामाजिक क्षेत्रको विषय हो। स्वास्थ्य क्षेत्रका समस्या स्वास्थ्य क्षेत्र एक्लैले समाधान गर्न सक्दैन र यसमा सामाजिक, आर्थिक, भौतिक, राजनैतिक, सुरक्षा र अन्य बहुपक्षीय क्षेत्रको सहयोग र सहकार्य हुनु जरुरी छ। यी सबै क्षेत्रका आ-आफ्ना नीति, योजना र कार्यक्रममा स्वास्थ्यसँग सम्बन्धित नीति, योजना र कार्यक्रम पनि समावेश हुनु जरुरी रहेको हुदाँ सबै नीतिमा स्वास्थ्यसँग

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सम्बन्धित नीति, योजना र कार्यक्रम कार्यान्वयनको लागि स्वास्थ्य क्षेत्र र यससँग सरोकार राख्ने सबै बहुपक्षीय क्षेत्रहरूको सहयोग, समन्वय र सहकार्य गर्नुपर्नेछ।

(ग) सम्पर्क ब्यक्ति तोक्नेः यो निर्देशिका प्रदेश सरकारको सबै निकायले कार्यान्वयन गर्नु पर्ने हुँदा मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गर्ने र निर्देशिका कार्यान्वयनका लागि सबै मन्त्रालयले सम्पर्क व्यक्ति (Focal Person) तोकी मन्त्रालयमा पठाउनु पर्नेछ।

(ङ) सचिवालय स्थापनाः सबै नीतिमा स्वास्थ्य निर्देशिका कार्यान्वयनका लागि सचिवालयको काम मन्त्रालयले गर्नेछ।

(च) कार्य योजना निर्माण र स्वीकृतिः बागमती प्रदेश सरकारका प्रत्येक मन्त्रालयहरूले सबै नीतिमा स्वास्थ्य निर्देशिका कार्यान्वयनका लागि वार्षिक रूपमा सञ्चालन गर्ने क्षेत्रगत कार्यक्रमहरूको कार्य योजना तयार गरी निर्देशक समितिमा छलफल गराउनु पर्नेछ।

(छ) कार्य योजना सम्बन्धित क्षेत्रगत मन्त्रालयले कार्यान्वयन गर्नेः सबै नीतिमा स्वास्थ्य निर्देशिका कार्यान्वयनका लागि वार्षिक रूपमा सञ्चालन गर्ने क्षेत्रगत कार्यक्रमहरूको स्वीकृत कार्य योजना बागमती प्रदेश सरकारका सम्बन्धित क्षेत्रगत मन्त्रालयले स्वास्थ्य मन्त्रालयको समन्वय र सहकार्यमा कार्यान्वयन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) अध्ययन अनुसन्धान र सूचना आदान प्रदान गर्नेः सबै नीतिमा स्वास्थ्यसम्बन्धी नियमित अध्ययन अनुसन्धान गर्ने र यस अन्तर्गत प्राप्त भएका सूचना क्षेत्रगत मन्त्रालयहरूमा आदान प्रदान गरिनेछ। अध्ययन अनुसन्धानहरूको सुझाव निर्देशक समिति र समन्वय समितिमा छलफल गरी कार्यान्वयन गरिनेछ। बहुक्षेत्रीय निकाय वा संस्थामा भए गरेका अध्ययन अनुसन्धानहरूको प्रस्तुतीकरण सरोकारवालाहरू समक्ष गरिनेछ र सो नतिजाको आधारमा योजना तर्जुमा गरिने छ।

(झ) प्रगति समीक्षाः सबै नीतिमा स्वास्थ्य निर्देशिका कार्यान्वयनमा भए गरेका कार्यहरूको वार्षिक रूपमा प्रगति समीक्षा गरिनेछ।

९. **<u>सबै नीतिमा स्वास्थ्य निर्देशिका कार्यान्वयन संरचनागत व्यवस्थाः</u>**

(१) सबै नीतिमा स्वास्थ्य निर्देशिका कार्यान्वयनका लागि क्षेत्रगत मन्त्रालयहरुलाई आवश्यक नीति, कानून र योजना निर्माण तथा कार्यान्वयमा निर्देशन दिन र कार्य योजना स्वीकृत गर्ने लगायतको कार्यका लागि देहायका पदाधिकारी रहेको सबै नीतिमा स्वास्थ्य निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख सचिव | -अध्यक्ष |
| (ख) सचिव, प्रदेश सरकारका सबै मन्त्रालय | -सदस्य |
| (ग) सचिव, प्रदेश नीति तथा योजना आयोग | -सदस्य |
| (घ) सचिव, मन्त्रालय | -सदस्य-सचिव |

(२) निर्देशक समितिको बैठक कम्तिमा वर्षको २ पटक बस्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बाग्मती प्रदेश

(३) निर्देशक समितिको पदाधिकारी एवं सदस्यले नियमानुसार बैठक भत्ता पाउनेछन।

(४) निर्देशक समितिले आवश्यकताअनुसार बिज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(५) निर्देशक समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(५) निर्देशक समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

१०. **<u>सबै नीतिमा स्वास्थ्य निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>**: सबै नीतिमा स्वास्थ्य निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रदेशस्तरीय बहुक्षेत्रीय कार्ययोजना निर्माणमा निर्देशन दिने।

(ख) विषयगत मन्त्रालयहरूलाई नीतिगत तथा कार्यक्रमगत निर्देशन दिने।

(ग) विषयगत मन्त्रालयहरूको नीति, कानून, योजना र कार्यक्रममा स्वास्थ्यका विषयवस्तुहरू सम्बोधन भएको सुनिश्चित गर्ने।

(घ) वार्षिक कार्यक्रममा सबै नीतिमा स्वास्थ्य कार्यान्वयनको लागि कार्यक्रम तय गरी लागू गर्न आवश्यक निर्देशन दिने।

(ङ) सबै नीतिमा स्वास्थ्य कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेटको सुनिश्चितता गर्न निर्देशन दिने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) सबै नीतिमा स्वास्थ्य बहुक्षेत्रीय कार्ययोजना कार्यान्वयनको अनुगमन गर्ने।

११. **सबै नीतिमा स्वास्थ्य समन्वय समितिः** (१) सबै नीतिमा स्वास्थ्य निर्देशिका कार्यान्वयनका लागि क्षेत्रगत मन्त्रालयहरूसँग आवश्यक नीति, कानून र योजना निर्माण तथा कार्यान्वयनमा समन्वय लगायतका कार्य गर्न देहाय बमोजिम सदस्य सम्मिलित सबै नीतिमा स्वास्थ्य समन्वय समिति रहने छः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) महाशाखा प्रमुख, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ग) महाशाखा प्रमुख (योजना हेर्ने), सबै मन्त्रालय -सदस्य

(घ) महाशाखाका प्रमुख (योजना हेर्ने), स्वास्थ्य मन्त्रालय -सदस्य सचिव

(२) समन्वय समितिको बैठक कम्तीमा वर्षको ४ पटक बस्नेछ।

(३) समन्वय समितिको पदाधिकारी एवं सदस्यले नियमानुसार बैठक भत्ता पाउनेछन्।

(४) समन्वय समितिले आवश्यकताअनुसार विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(५) समन्वय समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१२. **समन्वय समितिको काम, कर्तव्य र अधिकारः** समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशस्तरीय विषयगत मन्त्रालय तथा सरोकारवाला निकायहरूसँग समन्वय गर्ने।

(ख) बहुक्षेत्रीय कार्ययोजना निर्माण गरी निर्देशक समितिमा पठाउने।

(ग) विषयगत मन्त्रालयहरूसँग नीतिगत तथा कार्यक्रमगत समन्वय गर्ने।

(घ) विषयगत मन्त्रालयहरूले तयार गरी प्रस्तुत गरेका नीतिहरू माथि छलफल गरी स्वास्थ्यका विषयवस्तुहरू सम्बोधन भएको सुनिश्चित गर्ने र आवश्यक बजेटको सुनिश्चितताको लागि निर्देशक समितिमा अनुरोध गर्ने।

(ङ) वार्षिक कार्यक्रममा सबै मन्त्रालयहरूबाट सबै नीतिमा स्वास्थ्य कार्यान्वयनको लागि कार्यक्रम तय गरी लागू गर्न समन्वय गर्ने।

## परिच्छेद-५

## अनुगमन तथा मूल्याङ्कन

१३. **सबै नीतिमा स्वास्थ्य कार्यान्वयन अनुगमनः** (१) सबै नीतिमा स्वास्थ्य निर्देशिका कार्यान्वयन भए नभएको अनुगमन क्षेत्रगत मन्त्रालयहरूले गर्नुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) को अतिरिक्त दफा ९ बमोजिमको निर्देशक समितिले पनि अनुगमन गर्नेछ र सो समितिले देहायबमोजिम अनुगमन गर्नुपर्नेछः-

(क) नीति निर्माण र निर्णय प्रक्रियाः नीति तर्जुमा गर्दा स्वास्थ्यमा पार्ने प्रभावहरू के हुन सक्छन विचार गरेर मात्र निर्माण र निर्णय गर्ने, स्वास्थ्य प्रभाव मूल्याङ्कन गर्ने र तथ्य तथा प्रमाणमा आधारित निर्णय गर्ने प्रावधानहरू समावेश भए नभएको।

(ख) अन्तरक्षेत्रीय सहयोगः बागमती प्रदेशको सुशासनको सन्दर्भमा स्वास्थ्य, शहरी विकास, यातायात, वन तथा वातावरण, शिक्षा, खानेपानी, कृषि तथा पशु स्वास्थ्य लगायतका सम्बद्ध निकाय र अन्य सम्बन्धित क्षेत्रहरू बीचको संवाद र समन्वयलाई प्रवर्द्धन गरे नगरेको। यसरी सँगसँगै काम गरेर बहुक्षेत्रीय समन्वयबाट स्वास्थ्यको सामाजिक निर्धारकहरूलाई सम्बोधन गर्ने र अन्तर-क्षेत्रीय समाधानहरू प्रवर्द्धन गर्न एकीकृत दृष्टिकोणहरूको अवस्था।

(ग) समानता र सामाजिक समावेशीकरणः स्वास्थ्यसँग सम्बन्धित राज्यका नीति, स्रोतको विभाजन र निर्णय लिने प्रक्रियाहरूमा समानता र सामाजिक समावेशीकरणलाई प्राथमिकता दिए नदिएको। स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायहरूलाई प्राथमिकता दिने र जनसङ्ख्याका सबै अवयवहरूलाई संलग्न

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गराउने समावेशी अभ्यासहरूलाई प्रवर्द्धन गर्ने नीतिहरूको अवलम्बन गर्ने विषय।

(घ) जवाफदेहिता र पारदर्शिताः स्वास्थ्यमा जवाफदेहिता र पारदर्शितालाई प्रवर्द्धन गर्न नागरिक संलग्नता, जनसहभागिता र सूचनामा पहुँचको लागि संयन्त्रहरू समावेश भए नभएको र स्वास्थ्यसँग सम्बन्धित बिषयमा खुला र पारदर्शी शासन प्रक्रियाका लागि वकालत गर्न नागरिकहरूलाई नीति निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सक्रिय रूपमा संलग्न गराए नगराएको।

(ङ) तथ्यमा आधारित नीति निर्माण र नियमनः स्वास्थ्य प्रवर्द्धन गर्ने कानून निर्माण र कार्यान्वयनको लागि तथा स्वास्थ्य सुरक्षा, वातावरणीय दिगोपन, सडक सुरक्षा र अन्य प्रमुख क्षेत्रहरूसँग सम्बन्धित कानून र नियमहरू मानव स्वास्थ्यको दृष्टिकोणबाट विश्लेषण गरेर निर्माण भए नभएको र आम जनसमुदायको स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्यसम्बन्धी मापदण्डहरूको पालना सुनिश्चित भए नभएको।

(३) सबै नीतिमा स्वास्थ्यका अनुगमनका प्रमुख सूचकांकहरु देहायबमोजिम हुनेछनः-

(क) प्रदेशमा रहेका विषयगत मन्त्रालयहरूले एक आर्थिक वर्षमा बनाएका नयाँ नीतिको जम्मा संख्या,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) प्रदेशमा रहेका विषयगत मन्त्रालयहरूले एक आर्थिक वर्षमा बनाएका नयाँ नीतिहरूमा स्वास्थ्यका विषयवस्तु समावेश भएको जम्मा संख्या,

(ग) प्रदेशमा रहेका विषयगत मन्त्रालयहरूले एक आर्थिक वर्षमा परिमार्जन गरेका नीतिको जम्मा संख्या,

(घ) प्रदेशमा रहेका विषयगत मन्त्रालयहरूले एक आर्थिक वर्षमा परिमार्जन गरेका नीतिहरूमा स्वास्थ्यका विषयबस्तु समावेश भएको जम्मा संख्या,

(ङ) प्रदेशमा रहेका विषयगत मन्त्रालयहरूले एक आर्थिक वर्षमा बनाएका नयाँ रणनीतिको जम्मा संख्या,

(च) प्रदेशमा रहेका विषयगत मन्त्रालयहरूले एक आर्थिक वर्षमा बनाएका नयाँ रणनीतिहरूमा स्वास्थ्यका विषयवस्तु समावेश भएको जम्मा संख्या,

(छ) प्रदेशमा रहेका विषयगत मन्त्रालयहरूले एक आर्थिक वर्षमा परिमार्जन गरेका रणनीतिको जम्मा संख्या,

(ज) प्रदेशमा रहेका विषयगत मन्त्रालयहरूले एक आर्थिक वर्षमा परिमार्जन गरेका रणनीतिहरूमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

स्वास्थ्यका विषयवस्तु समावेश भएको जम्मा संख्या,

(झ) प्रदेशमा रहेका विषयगत मन्त्रालयहरूले चालु आर्थिक वर्षमा तयार गरेको वार्षिक कार्यक्रम तथा कार्य योजनामा स्वास्थ्यका विषयवस्तु समावेश भएको जम्मा संख्या।

१४. **<u>सबै नीतिमा स्वास्थ्य कार्यान्वयन मूल्याङ्कनः</u>** (१) सबै नीतिमा स्वास्थ्यको निर्देशिकाको कार्यान्वयनको मूल्याङ्कन अनुसूची-४ बमोजिमको अपेक्षित नतिजाका आधारमा गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा मन्त्रालयले आवश्यकताअनुसार मूल्याङ्कन खाका बनाइ गर्न सक्नेछ।

(३) यो निर्देशिका राजपत्रमा प्रकाशन भएपछि मन्त्रालयले निर्देशिका कार्यान्वयनको खाका तयार गरी समन्वय समिति मार्फत निर्देशक समितिमा पेश गर्नेछ र निर्देशक समितिले स्वीकृत गरेको कार्यान्वयन खाका अनुसार निर्देशिका कार्यान्वयनको मूल्याङ्कन गर्नु पर्नेछ।

## परिच्छेद-६

## <u>विविध</u>

१५. **<u>वित्तीय सुनिश्चितताः</u>** यो निर्देशिका कार्यान्वयनको लागि विषयगत मन्त्रालयहरूले स्वास्थ्यसँग सम्बन्धित आफ्नो निकायको क्रियाकलापहरूलाई वार्षिक नीति तथा कार्यक्रममा नै समावेश गरी नियमित बजेटको सुनिश्चितता गर्नु पर्नेछ।

१६. **<u>अनुसूचीमा संशोधन वा थपघट वा हेरफेरः</u>** निर्देशक समितिले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यो निर्देशिकाको अनुसूचीमा कुनै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

संशोधन थपघट वा हेरफेर गर्नु परेमा आवश्यकता अनुसार संशोधन, थपघट वा हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१

दफा (५) को उपदफा (२) सँग सम्बन्धित

## सबै नीतिमा स्वास्थ्यको पृष्ठभूमि तथा औचित्य

सबै नीतिमा स्वास्थ्य (Health in All Policy) एक दृष्टिकोण हो। यसले गैरस्वास्थ्य क्षेत्रहरूले स्वास्थ्य तथा जनसङ्ख्याका नतिजाहरूमा पार्ने महत्त्वपूर्ण प्रभावहरूलाई आत्मसात गर्दछ। यातायात, शिक्षा, कृषि, पशुपन्छी, वातावरण, खानेपानी तथा सरसफाई लगायत अन्य सामाजिक, आर्थिक विकास जस्ता क्षेत्रहरूको नीतिले स्वास्थ्य प्राप्त गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पारेको हुन्छ। त्यसैले यस अवधारणाले गैरस्वास्थ्य क्षेत्रका नीतिहरूलाई एकैसाथ राख्ने कुरामा जोड दिन्छ। स्वास्थ्यलाई प्रभाव पार्ने विभिन्न क्षेत्रसँग सम्बन्धित स्वास्थ्यका सामाजिक निर्धारकहरूलाई तत्-तत् क्षेत्रका नीतिगत व्यवस्थाबाट सम्बोधन गर्नु नै यसको अन्तरनिहित ध्येय हो। यसले व्यक्ति र समुदायको स्वास्थ्य र समृद्धि प्राप्तिमा सहयोग पुऱ्याउने लक्ष्य राख्दछ।

स्वास्थ्य समस्याहरू सम्बोधन गर्ने परम्परागत दृष्टिकोणमा प्राय: स्वास्थ्य सेवाक्षेत्रमा मात्र केन्द्रित रहेको हुन्छ। जसमा स्वास्थ्यका  परिणामलाई प्रभाव पार्ने फराकिलो निर्धारकहरूलाई नजर अन्दाज गरिएको हुन्छ। यद्यपि, अनुसन्धानहरूले मानिसको आम्दानी, शिक्षा, आवास र स्रोतहरूमा पहुँच जस्ता कारकहरूले स्वास्थ्य असमानता (Health Disparity) मा मात्र नभई मानिसको समग्र स्वास्थ्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउने देखाएको छ। तसर्थ, स्वास्थ्य चुनौतीहरू सम्बोधन गर्न एक व्यापक तथा अन्तरक्षेत्र (Cross-Sectoral) दृष्टिकोण आवश्यक छ भन्ने मान्यता बढिरहेको छ।

"सबै नीतिमा स्वास्थ्य (Health in All Policy)" को अवधारणाले स्वास्थ्यभन्दा बाहिरका क्षेत्रहरूमा बनाईने नीतिहरूले व्यक्ति र समुदायको स्वास्थ्य र आरोग्यतामा दूरगामी परिणाम ल्याउन सक्ने मान्यता राख्दछ। नीतिगत निर्णयहरूमा स्वास्थ्य पक्षलाई विचार गरी एकीकृत गरेमा, सरकारले प्रभावकारी रूपमा समुदायको स्वास्थ्य प्रवर्द्धन गर्न, रोगहरूको रोकथाम गर्न र स्वास्थ्य असमानताहरू कम गर्न सक्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सबै नीतिमा स्वास्थ्यको दृष्टिकोणलाई अघि बढाउँदा विभिन्न क्षेत्रहरूबीचको सहकार्य र समन्वय आवश्यक पर्दछ। त्यसैगरी  साझा स्वास्थ्य लक्ष्यहरू प्राप्त गर्न र अन्तरक्षेत्र साझेदारीलाई प्रोत्साहन गर्न पनि आवश्यक छ। कुनै एकलक्षेत्र वा मन्त्रालयले मात्र जटिल स्वास्थ्य चुनौतीहरूलाई सम्बोधन गर्न सक्दैन र दिगो परिवर्तन सृजना गर्न सामूहिक प्रयास आवश्यक छ भन्ने यो दृष्टिकोणले स्वीकार गरेको छ।

सबै नीतिमा स्वास्थ्यको आधारभूत सिद्धान्तहरूमा स्वास्थ्य समता (Health Equity), सामाजिक न्याय, दिगोपना र तथ्य-सूचनायुक्त निर्णय प्रक्रिया (Evidence Informed Decision Making) समावेश छन्। यसले नीतिगत निर्णयहरू समावेश गर्दा सबैभन्दा राम्रो उपलब्ध प्रमाणहरूमा आधारित हुने, जोखिममा रहेका जनताको आवश्यकतालाई प्राथमिकता दिने र दीर्घकालीन सामाजिक, आर्थिक एवं वातावरणीय प्रभावहरूलाई सम्बोधन गर्ने प्रयास गर्दछ।

सबै नीतिमा स्वास्थ्य अवधारणा लागू गरेर सरकार र नीति निर्माताहरूले विभिन्न क्षेत्रहरूका नीति, कार्यक्रमहरूले स्वास्थ्यमा पारेको प्रभावलाई मध्यनजर गर्न सक्छन्। यसले नीति निर्माताहरूलाई आफ्नो क्षेत्रले स्वास्थ्यमा पार्ने प्रभावको बुझाई बढाउने र स्वास्थ्य प्रवर्द्धनका लागि थप अवसरहरूको खोजी गर्दै नीति निर्माणमा एकीकृत र समग्र दृष्टिकोण निर्माण गर्न सघाउ पुऱ्याउँदछ।

सबै नीतिमा स्वास्थ्य अवधारणाले राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी स्तरमा बढ्दो ख्याति हासिल गरेको छ। धेरै देशहरू र अन्तर्राष्ट्रिय संस्थाहरूले जनताको स्वास्थ्यलाई अगाडि बढाउन, स्वास्थ्य असमानताहरू कम गर्न र समुदायहरूको समग्र वृद्धि विकास गर्न यसको सम्भावनालाई मान्यता दिएका छन्। समग्रमा, स्वास्थ्य सबै नीतिमा अवधारणाले सार्वजनिक नीतिको आयाम परिवर्तनलाई प्रतिनिधित्व गर्दछ। यसको मान्यता नै स्वास्थ्य सेवाको क्षेत्रभन्दा बाहिरका अन्य धेरै कारकहरूद्वारा स्वास्थ्य प्रभावित हुन्छ भन्नु हो। यस दृष्टिकोणलाई अँगालेर नीति निर्माताहरूले स्वस्थ वातावरण सृजना गर्न, स्वास्थ्यका असमानताहरूलाई सम्बोधन गर्न र जनसङ्ख्याको समग्र स्वास्थ्य र आरोग्यतामा सुधार गर्न विभिन्न क्षेत्रहरूसँग सहकार्य र एकीकृत प्रयास गर्न सकिन्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकारले स्वास्थ्य क्षेत्रभन्दा बाहिरका विभिन्न स्वास्थ्य निर्धारकहरूको सामना गरिरहेको छ। गरिबी, अपर्याप्त आवास, वातावरणीय प्रदूषण, अपर्याप्त शिक्षा, यातायात पूर्वाधारमा कमी, अपर्याप्त पोषण तत्व तथा खाद्य सुरक्षाको अभावलगायतका कारकहरूले स्वास्थ्य नतिजाहरूमा नकारात्मक प्रभाव पारिरहेका छन्। नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय समेतको सहयोगमा गरिएको एक नीति अनुसन्धान "स्वास्थ्यका सामाजिक निर्धारक र स्वास्थ्य समता २०१७ ले स्वास्थ्य सेवाहरूको उपभोग जातजाति अनुसार, शहरी तथा ग्रामीण बसाई अनुसार, भौगौलिक विकटता अनुसार, सामाजिक र आर्थिक स्थितिअनुसार फरक-फरक रहेको देखाएको छ। सन् २०१९ मा गरिएको नसर्ने रोगहरूको स्टेपस सर्वेक्षण, नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहुक्षेत्रीय कार्ययोजना २०२१-२०२५ तथा विश्व स्वास्थ्य सङ्गठनले सन् २०१८ मा तयार परिको नेपालको राष्ट्रिय पार्श्वचित्रका अनुसार नेपालमा नसर्ने रोगका मुख्य ४ जोखिम तत्त्वहरूमा सूर्तिजन्य पदार्थको प्रयोग, अस्वस्थ आहार, शारीरिक निष्क्रयता र मदिराजन्य पदार्थको प्रयोग रहेका छन्। त्यसै गरी सन् २०१९ मा गरिएको एक सर्वेक्षण अनुसार (Ref- NBD 2019, PAGE 25) मृत्युको अनुपात सरुवा रोगहरू, मातृ, नवशिशु तथा पोषणको कमीले गर्दा हुने मृत्यू (२१%) र चोटपटकका कारण हुने मृत्यू (७.८%) भन्दा नसर्ने रोगहरूको कारण हुने मृत्यू उच्च (७१%) रहेको देखिन्छ। नसर्ने रोगहरु मध्ये मुटु रोग, मधुमेह, क्यान्सर, श्वासप्रश्वाससम्बन्धी दीर्घ रोगका कारण धेरै मानिसहरुको मृत्यु हुने गरेको छ। जसलाई समयमा नै रोकथाम गरी मृत्युलाई घटाउन सकिन्छ।

राष्ट्रिय जनगणना २०७८ मा गरिएको मातृ मृत्यु सर्वेक्षणअनुसार हाल नेपालमा मातृ मुत्युको अनुपात १५१ प्रति लाख जीवित जन्म र बागमती प्रदेशमा ९८ प्रति लाख जीवित जन्म रहेको छ। जसलाई घटाइ दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा ७० प्रति लाख जीवित जन्ममा पुऱ्याउने लक्ष्य लिइएको छ। नेपाल जनसाङ्खिक स्वास्थ्य सर्वेक्षण २०२२ का अनुसार बागमती प्रदेशमा ५ वर्ष मुनिका बालबालिकाहरुको मृत्युदर २४ प्रति हजार र जन्मेको २८ दिनभित्रका नवशिशुको मृत्युदर १८ प्रति हजार जीवित जन्म रहेकोमा यसलाई घटाई सन् २०३० सम्ममा क्रमश: २५ र १२ प्रति हजार जीवित जन्म पुऱ्याउने लक्ष्य लिइएको छ। नेपालमा हाससम्म पनि बालविवाह उच्च रहेको छ। नेपाल जनसाङ्खिक स्वास्थ्य सर्वेक्षण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२०२२ का अनुसार ८ प्रतिशत किशोरीहरुको १५-१९ वर्षको उमेरमा विवाह हुने गरेको छ।

सोही सर्वेक्षण अनुसार बागमती प्रदेशमा १५-१९ वर्षका किशोरीहरुद्वारा हुने जन्म ७८ प्रति हजार रहेको छ जसलाई सन् २०३० सम्म ३० प्रति हजारसम्म घटाउने लक्ष्य लिइएको छ। यस प्रदेशमा १७.६ प्रतिशत बालबालिकाहरूको उमेरअनुसारको उचाइ र १०.५ प्रतिशत बालबालिकाहरूको उमेरअनुसारको तौल कम रहेको पाइएको छ भने ४२.५ प्रतिशत ६-५९ महिनाका बालबालिकाहरूमा रक्त अल्पताको समस्या रहेको छ। त्यस्तै, पाँच वर्ष मुनिका १३० प्रति हजार बालबालिकाहरुमा श्वासप्रश्वाससम्बन्धी शीघ्र संक्रमण हुने गरेको छ। १५-४९ वर्षका प्रजनन् उमेरका २३ प्रतिशत महिलाहरुमा रक्त अल्पताको समस्या रहेको छ। १५-४९ वर्षका प्रजनन् उमेरका २० प्रतिशत महिलाहरुले लैङ्गिक हिंसाको सामना गरिरहेका छन्। जसलाई सन् २०३० सम्म ५ प्रतिशतमा पुऱ्याउने लक्ष्य लिइएको छ। यस प्रदेशमा ८१ प्रतिशत मानिसहरुमा मात्र खानेपानीको पहुँच पुगेको छ। पाँच वर्ष मुनिका १३० प्रति हजार बालबालिकाहरु झाडापखालाबाट प्रभावित हुने गरेका छन्। नेपालमा १५-४९ वर्षका मानिसहरुमा एच.आई.भी. को संक्रमण दर ०.१२ प्रतिशत रहेको छ भने बागमती प्रदेशको स्वास्थ्य निर्देशनालयको वार्षिक प्रतिवेदन २०७९/८० अनुसार बागमती प्रदेशमा ७२४४ व्यक्तिहरु एच.आई.भी. संक्रमित छन्। सोही प्रतिवेदनअनुसार क्षयरोगका नयाँ बिरामीहरुको दर १४३ प्रति लाख रहेको छ। सन् २०३० सम्म कुष्ठरोग, कालाजार, डेङ्गु रोगको संक्रमण दरलाई शुन्यमा झार्ने लक्ष्य लिइएको छ।

नेपाल प्रहरीको स्रोत अनुसार नेपालमा आ.व. २०७७/०७८ मा ७११७ र आ.व. २०७८/०७९ मा ६८३० व्यक्तिहरुले आत्महत्या गरेका थिए। सोही समयमा बागमती प्रदेशमा १५९७, र १४३० जनाले आत्महत्या गरेको तथ्याङ्क छ। आ.व. २०७७/७८ मा  प्रत्येक दिन हामीले नेपालमा आत्महत्या घटनामा २० व्यक्ति गुमायौ भने आ.व. २०७८/७९ मा प्रत्येक दिन १९ व्यक्ति गुमायौं। सोही समयमा बागमती प्रदेशमा प्रत्येक दिन क्रमश: ५ र ४ जना गुमायौं। सडक दुर्घटनाका कारण आ.व.२०७८/७९ मा बागमती प्रदेशमा ६०२ जनाको मृत्यु भएको थियो भने आ.व. २०७९/८० मा ४८६ जनाको मृत्यु भएको थियो। समयमा नै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

रोकथामका उपायहरू अपनाउन सकेको खण्डमा त्यस्ता मृत्युहरूलाई बचाउन सकिन्थ्यो। यी समस्याहरू समाधान गर्न स्वास्थ्यक्षेत्र मात्रैले सक्दैन र अन्य विषयगत क्षेत्रहरूको सहयोग आवश्यक पर्दछ। यसका लागि सम्बन्धित क्षेत्रको नीतिमा नै समावेश गरेमा सामुहिक प्रयासबाट अपेक्षाकृत नतिजाहरू प्राप्त गर्न सकिन्छ। सबै नीतिमा स्वास्थ्यको अवधारणाले विभिन्न क्षेत्र र सरोकारवालाहरू बीचको सहकार्य र समन्वयलाई प्रोत्साहन गर्दछ।

बागमती प्रदेश सरकारले रोगको रोकथामका रणनीतिहरूलाई प्राथमिकता दिन, स्वास्थ्य प्रवर्द्धन अभियानहरूमा ध्यान केन्द्रित गर्न र आफ्नो जनताका लागि स्वास्थ्य छनोटहरू सजिलो बनाउने सहयोगी वातावरण सृजना गर्न सबै नीतिमा स्वास्थ्यको अवधारणालाई प्रयोग गर्न जरुरी देखिन्छ। दिगो विकास लक्ष्यका सबै लक्ष्यहरूको केन्द्र विन्दुको रूपमा स्वास्थ्य रहेको छ। संयुक्त राष्ट्र सङ्घले यो लक्ष्य पूरा भएमा मात्र अन्य लक्ष्यहरू पूरा हुने तथ्यलाई आत्मसात गरिसकेको छ। यसका लागि सबै क्षेत्रले आ-आफ्नो नीतिमा स्वास्थ्य पक्ष समावेश गरी कार्यान्वयन गर्नु आवश्यक रहेको देखिन्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-२

दफा (५) को उपदफा (३) सँग सम्बन्धित

## नीतिगत व्यवस्था

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक उल्लेख गरिएको छ भने स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने अन्य हकहरूमा धारा ३० मा स्वच्छ वातावरणको हक, धारा ३१ मा शिक्षासम्बन्धी हक, धारा ३६ मा खाद्यसम्बन्धी हक, धारा ३७ मा आवासको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४१ मा जेष्ठ नागरिकको हकसम्बन्धी व्यवस्था गरेको छ।

बागमती प्रदेशको पहिलो आवधिक योजना आ.व. २०७६/०७७-२०८०/०८१ को रणनीति ५.२.५ मा सबै क्षेत्रको सार्वजनिक नीतिहरूको तर्जुमा र कार्यान्वयनमा स्वास्थ्यसम्बन्धी विषयहरूलाई समावेश गर्ने उल्लेख छ। यसको कार्यनीतिमा "स्वास्थ्य सबै नीतिमा" भन्ने बिश्वब्यापी नारालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि बहुक्षेत्रीय समन्वय र सहकार्यको लागि निर्देशिका बनाई लागू गरिनेछ भन्ने उल्लेख गरिएको छ।

प्रदेश स्वास्थ्य सेवा ऐनमा प्रदेशभित्रको स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी काम कारबाही, अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाउन, बहुक्षेत्रीय समन्वय र सहकार्य अभिबृद्धि गर्न एवं स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी नीतिगत निर्देशन दिने लगायतका कार्यका लागि प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या समिति गठन हुने व्यवस्था गरेको छ।

**बागमती प्रदेश सरकारको स्थापना भए पश्चात जारी भएका मुख्य-मुख्य नीति, ऐन, नियम, निर्देशिका र कार्यविधिहरूको क्षेत्रगत विश्लेषण**

१. **स्वास्थ्य क्षेत्रः** बागमती प्रदेशले नागरिकको स्वास्थ्य सेवा सुधार गर्न, विशिष्ट स्वास्थ्य समस्याहरू सम्बोधन गर्न र जनस्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ जारी गरेको छ। यो ऐनमा रोग रोकथाम र नियन्त्रण, स्वास्थ्य सेवा, स्वास्थ्य कार्य योजना, स्वास्थ्य प्रवर्द्धन र स्वास्थ्य सेवा वित्त पोषणसम्बन्धी व्यवस्थाहरू गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

२. **शिक्षा र विद्यालय स्वास्थ्यः** बागमती प्रदेश सरकारले शिक्षाको सम्बन्धमा छुट्टै प्रदेश ऐन जारी गरेको देखिँदैन। सङ्घीय शिक्षा नीति, २०७६ लाई नै आधार मानेको छ। जसमा शिक्षालाई मौलिक हक, शिक्षित, सभ्य र स्वास्थ्य जनशक्ति उत्पादनमा केन्द्रित गरेको छ। शिक्षा, स्वास्थ्य र सुरक्षा लगायतका निकायहरूको सहभागितामा अभिभावक जागरण, चिकित्सा शिक्षालाई सुदृढ गर्ने, मौलिक दर्शन, परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, जडीबुटी लगायतका सम्पदामा आधारित अध्ययन अनुसन्धानको व्यवस्था गर्ने उल्लेख गरिएको छ।

बागमती प्रदेश सरकारले बालबालिकासम्बन्धी ऐन, २०७६ बाट मुख्यतया बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संम्वेगात्मक एवं भावनात्मक विकासका लागि कानूनी व्यवस्थाहरू जस्तैः उचित स्याहार, निःशुल्क खोप, स्वास्थ्य सेवा, बालबिबाह गर्न नहुने, यातना, हिँसा र शोषण गर्न नहुने प्रावधानहरू राखेको छ। त्यस्तै प्रदेश सरकारले प्रदेश युवा परिषद् ऐन, २०७६, प्रदेश खेलकुद विकास ऐन, २०७५ जारी गरेको छ। जसमा खेलकुद परिषद्को व्यवस्थामा जिल्ला खेलकुद विकास समिति, खेलकुद मैदानको व्यवस्थाका प्रावधानहरू उल्लेख भएका छन्। यी ऐनमा स्वास्थ्य युवा सूचना केन्द्र, सडक दुर्घटनाको रोकथाम, युवाहरूको लागि मनोरञ्जन र शारीरिक तन्दुरुस्तमा सहयोगी क्रियाकलाप, समुदायिक खेलकुदको व्यवस्थालाई समावेश गर्न सकिएमा किशोर किशोरी तथा युवाहरूमा देखिने दुर्व्यसनी, कुपोषण, मानसिक असन्तुलन, किशोरकिशोरी प्रजनन स्वास्थ्य, गर्भपतन, अपराध, सडक दुर्घटना, खेलकुद र शारीरिक क्रियाकलापको अभावमा मोटोपन, मधुमेह, मुटुरोग जस्ता रोगको सम्भावना कम गर्न सकिन्छ।

३. **वन तथा वातावरणीय नीतिहरूः** वन, वातावरण संरक्षण, प्रदूषण नियन्त्रण र प्राकृतिक स्रोत व्यवस्थापन स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने बिषयहरू हुन्। राष्ट्रिय वातावरण नीति, २०७५ ले सबै प्रकारका प्रदूषणहरू रोकथाम, नियन्त्रण र न्यूनीकरण (जल, बायु, माटो, ध्वनि, रेडियोधर्मी, रसायानिक) औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने दुषित पानीको प्रशोधन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रदुषणयुक्त धुलो, धुवाँ र पानीको व्यवस्थापनलाई जोड दिएको मात्र होईन शहरी तथा नगरक्षेत्रमा उद्यान विकास तथा हरियाली बिस्तार, प्रदुषण पीडितलाई न्यायको सुनिश्चितताको उद्देश्य राखेको छ।

प्रदेशबाट जारी भएको प्रदेश वातावरण संरक्षण ऐन, २०७७ मा वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गरेर मात्र आयोजनाहरू सञ्चालन गर्नुपर्ने, अन्य विकल्पहरूको विश्लेषण गर्नुपर्ने, प्रदुषण नियन्त्रणसम्बन्धी व्यवस्था, फोहोर मैला व्यवस्थापन, प्लास्टिक व्यवस्थापन, प्रयोगशालाको व्यवस्था, जोखिम न्यूनीकरण, वातावरण निरीक्षकको व्यवस्थाहरू गरेको छ।

त्यसैगरी प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा स्वास्थ्य वातावरण प्रवर्द्धन र वातावरणीय सेवा प्रवाह गर्न भू तथा जलाधार संरक्षण, जैविक विविधता संरक्षण, पर्यटन प्रवर्द्धन, जडिबुटी खेतीको व्यवस्था, सीमसारक्षेत्रको व्यवस्थापन, सामुदायिक वनको उपयोग र संरक्षण, कबुलियति वन, वन्यजन्तु तथा वनस्पतिको संरक्षण गरी सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउने प्रावधानहरू राखिएको छ। प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयबाट दिगो वन विकास कार्यविधि, २०७९ समेत जारी भएको देखिन्छ। जसमा वन संवर्द्धन र बाली छनौट, ढलेको र सुकेको रुख निकाल्ने व्यवस्था, वन व्यवस्थापन, गैरकाष्ठ उत्पादन र प्रयोग, क्षमता अभिबृद्धि, दुर्घटना बीमा र अनुगमनको व्यवस्था गरिएको छ।

यी नीति तथा ऐन कानूनको कार्यान्वयन पक्षलाई राम्रोसँग कार्यान्वयन गर्न सकेमा स्वास्थ्यमा देखिने धेरै समस्याहरूलाई समाधान गर्न सहयोग पुग्ने देखिन्छ।

४. **समाज कल्याण र गरिबी निवारणः** स्वास्थ्य असमानतालाई सम्बोधन गर्न सामाजिक कल्याण र गरिबी निवारणसम्बन्धी नीतिहरू महत्त्वपूर्ण हुन्छन्। प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५ ले प्रदेशभित्र स्वयंसेवक परिचालन तथा स्वयंसेवक प्रवर्द्धन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी स्वयंसेवाको माध्यमबाट प्रदेशको स्वास्थ्य, कृषि, पशु सेवा, वन, जडिबुटी, शिक्षा, खेलकूद, महिला, किशोरकिशोरी, बालबालिका, ज्येष्ठ नागरिक संरक्षण तथा सामाजिक सुरक्षा, उद्यमशीलताको विकास, इन्जिनियरिङ तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

अन्य प्राविधिक क्षेत्रहरुहरूका सेवा प्रवाह तथा विकास निर्माणमा योगदान पुऱ्याउने लक्ष्य लिएको छ।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र समाज कल्याणका क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूलाई दिइने अनुदानलाई ब्यवस्थित गर्नेसम्बन्धी निर्देशिका, २०७६ जारी गरी महिला, बालबालिका, जेष्ठ नागारिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायत समाज कल्याणका क्षेत्रमा कामगर्ने सङ्घ संस्थाहरूलाई अनुदान दिने व्यवस्था गरेको र त्यस्ता अनुदान रकमलाई पारदर्शी र उपलब्धीमुलक र ब्यवस्थित बनाउन निर्देशिका तयार गरी कार्यान्वयन गरेको छ। यसबाट स्वास्थ्यलगायत सेवामा पहुँचको कमी भएको र वञ्चितीकरणमा परेका अल्पसङ्ख्यक जनताको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने अपेक्षा राखिएको छ।

५. **शहरी योजना र पूर्वाधारः** तीव्र शहरीकरण र त्यसले ल्याउने जीवन शैलीका चुनौतीहरूलाई ध्यानमा राख्दै शहरी योजना र पूर्वाधार नीतिहरूले स्वास्थ्यका लागि महत्त्वपूर्ण भूमिका खेल्छन्। बागमती प्रदेश सरकारले शहरी योजनाका लागि छुट्टै ऐन, कानूनको व्यवस्था गरेको देखिदैन तर प्रदेश सार्वजनिक सडक ऐन, २०७८ मार्फत सार्वजनिक सडकहरूको वर्गीकरण एवं मापदण्ड तयार गरी निर्माण, मर्मत सम्भार र सञ्चालन र व्यवस्थापनमा केन्द्रित रहेको छ। त्यसैगरी झोलुङ्गे पुल रणनीति, २०७८ जारी गरेको छ। जसको उद्देश्य पैदलमार्गका सम्भाव्य स्थानमा दिगो झोलुङ्गे पुल निर्माण गर्ने, झोलुङ्गे पुलहरूको मर्मत सम्भार र सुरक्षित बनाउनेमा केन्द्रित रहेको छ।

६. **श्रम, रोजगार र यातायातः** रोजगारी, श्रम अधिकार र पेशागत स्वास्थ्य र सुरक्षासँग सम्बन्धित नीतिहरू स्वस्थता प्राप्तिसँग सान्दर्भिक छन्। यी नीतिहरूले स्वस्थ कामको अवस्थालाई प्रवर्द्धन गर्न, पेशागत जोखिमहरूलाई सम्बोधन गर्न र पेशाकर्मीको कल्याणलाई प्राथमिकता दिन सक्छन्। श्रम र रोजगारीलाई केन्द्रित गरी प्रदेश सरकारबाट नीतिगत व्यवस्था र कानुनहरू बनाउन बाँकी रहेको समेत देखिन्छ। प्रदेश सरकारले उत्पादन तथा रोजगारी सृजनाको लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७९ जारी गरेको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

छ। जसमा सहुलियत पूर्ण ऋणको व्यवस्थाबाट कृषि, पशुपन्छी, मत्स्य क्षेत्रको उत्पादन वृद्धि र रोजगारी सृजना गर्ने व्यवस्था गरिएको छ।

यातायातको क्षेत्रमा बागमती प्रदेशबाट प्रदेश सवारी तथा यातायातसम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५ मा सरल र सहज ढङ्गबाट यातायात उपलब्ध, दुर्घटनाको रोकथाम, बीमाको व्यवस्थाका प्रावधानहरू, सवारी साधनको वर्गीकरण, सवारी दर्तासम्बन्धी व्यवस्था, मापदण्ड तोक्ने (यान्त्रिक अवस्था, प्रदुषण) चालक अनुमति पत्र र योग्यता निर्धारण, प्रदुषण जाँचपासको व्यवस्था गरिएको छ। प्रदेश सरकारबाट ल्याइएको सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक स्थल (छनोट) तथा सञ्चालन कार्यविधि, २०७८ मार्फत प्रयोगात्मक स्थलको छनोट, मूल्याङ्कनको आधार र छनौट, अग्नि नियन्त्रक संयन्त्र र प्राथमिक उपचार सामग्रीको उपलब्धता सुनिश्चित गरी सीपयुक्त चालकले अनुमति प्राप्त गर्न सकोस भन्ने व्यवस्था गर्न खोजिएको छ। त्यसैगरी सार्वजनिक यात्रुबाहक विद्युतीय ट्याक्सी सेवाको गुणस्तर, सञ्चालन र व्यस्थापनसम्बन्धी मापदण्ड, २०७८ बाट खनिज उर्जामा आधारित ट्याक्सीहरूलाई विद्युतीय ट्याक्सीमा रूपान्तरणको आधारहरूको व्यवस्था गरेको छ। जसले वातावरण प्रदूषण घटाई स्वास्थ्य अभिवृद्धिमा टेवा पुग्न सक्छ।

७. **कृषि, पशुपन्छी, पोषण र खाद्य सुरक्षाः** बागमती प्रदेशमा कृषिको महत्त्वलाई ध्यानमा राख्दै, कृषि, खाद्य सुरक्षा, र पोषणसम्बन्धी नीतिहरू स्वास्थ्यका लागि अत्यन्त महत्त्वपूर्ण छन् र यी सम्बद्ध नीतिहरूले जनसङ्ख्याको स्वास्थ्य सुधार गर्न र कुपोषणलाई सम्बोधन गर्न दिगो कृषि अभ्यासहरू, खाद्य उत्पादन, पोषणयुक्त खानामा पहुँच, र पोषण शिक्षामा केन्द्रित हुन सक्छन्।

बागमती प्रदेश सरकारले कृषि, पोषण र खाद्य सुरक्षाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत बाँझो जमिनमा करार खेती कार्यान्वयन कार्यविधि, २०७९ पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ गाई भैंसीपालनको लागि असल व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ ल्याएको छ । यी कार्यविधिहरू र मापदण्डमार्फत कृषिक्षेत्रको सुधार, उत्पादकत्व वृद्धि र आय आर्जनको व्यवस्था गरिएको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

छ। जसले समग्र स्वास्थ्यका लागि महत्वपूर्ण सहयोग पुऱ्याउने विश्वास गरिएको छ। त्यसैगरी गर्भवती महिला, अनाथ, कुपोषण र पुड्कोपना भएका बालबालिका, बृद्धाश्रममा रहेका बृद्ध-बृद्धालाई आवश्यकता अनुसारको पशुपन्छीजन्य पदार्थ वितरणको प्रावधानबाट कुपोषण न्यूनीकरणलाई जोड दिईएको छ। यसैगरी बीमा, सङ्केत व्यवस्थापन, गोठ व्यवस्थापन, पशु आहारा, जैविक सुरक्षा, पशु प्राविधिकको व्यवस्था गरेर स्वस्थ पशु र स्वस्थ पशुजन्य खाद्य उत्पादनको उद्देश्य राखेको देखिन्छ। यद्यपि पेशाजन्य स्वास्थ्य, पशुजन्य रोगहरूको रोकथाम, एक स्वास्थ्य (One Health), प्रतिजैविक औषधीहरूको दुरुपयोगलाई व्यवस्थित गर्ने कार्यहरू सहकार्यका क्षेत्रहरू देखिन्छन।

८. **खानेपानी, उर्जा तथा सिँचाईः** पानी मानव स्वास्थ्य र कल्याणको लागि आधारभूत आवश्यकता हो। पानी व्यवस्थापन र वितरणसम्बन्धी नीतिहरूले जनस्वास्थ्यका नतीजाहरूमा प्रत्यक्ष असर पारेको हुन्छ। बागमती प्रदेश सरकारले खानेपानीको सम्बन्धमा खानेपानी तथा सरसफाई ऐन, २०७९ (सङ्घीय) बाट नै कार्य सञ्चालन गरिरहेको छ। सङ्घीय ऐनमा खानेपानी तथा सरसफाईको अधिकार, खानेपानी तथा सरसफाई प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षण, कामदारको स्वास्थ्य तथा सुरक्षाको उपाय, खानेपानीको स्रोतमा प्रतिकुल असर पर्न नदिन वातावरणीय प्रदुषण र हानिकारक पदार्थको नियन्त्रण, निरीक्षकको व्यवस्था, पानी प्रसोधन विधि, प्रयोगशालाको व्यवस्था, खानेपानी तथा सरसफाई सेवा निरीक्षकको व्यवस्था गरेको छ। उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने भए क्षतिपूर्ति, स्वास्थ्य तथा सरसफाईसम्बन्धी अभियान सञ्चालन र बोतलबन्दी पानीको बारे कानूनी व्यवस्था गरिएको छ । यी सबै कानूनी व्यवस्था भएपनि कार्यान्वयन पक्षमा सहयोग र सहकार्यबाट मात्रै आशातीत नतिजा प्राप्त गर्न सकिने हुन्छ।

प्रदेश सरकारले नवीकरणीय उर्जा प्रणाली अनुदान, परिचालन तथा कार्य सञ्चालन कार्यविधि, २०७७ बाट प्रदेशमा वैकल्पिक उर्जाको माध्यमबाट उज्यालो पुऱ्याउने व्यवस्था गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

९. **पर्यटन, उद्योग तथा सहकारी:** बागमती प्रदेशको प्रदेश पर्यटन ऐन, २०७८ मा होटल, तारे होटल, रेस्टुरा, रिजर्ट पप, लाउन्ज, होमस्टेसम्बन्धी व्यवस्था, पर्यटक श्रमिक, जलयात्रा र पर्यटक पथप्रदर्शकको बीमा व्यवस्था, जलयात्राको सुरक्षात्मक व्यवस्था (लाईफ ज्याकेट, हेल्मेट) साहासिक पर्यटनमा उपचार/बीमा को व्यवस्था/प्रावधानहरुहरू छन्। यसका बाबजुद स्वास्थ्य सबै नीतिबाट होटलहरूको फोहोरमैला व्यवस्थापन, उपचार व्यवस्था, पैदल मार्ग, साईकल मार्गलागायतका बिषयमा नीतिगत व्यवस्था गरी स्वास्थ्य प्रवर्द्धन गर्न सकिने ठाउँ देखिन्छ।

औद्योगिकक्षेत्रले व्यावसायिक स्वास्थ्य र सुरक्षा, वातावरणीय प्रदूषण, र सामुदायिक कल्याण जस्ता कारकतत्वहरूले गर्दा स्वास्थ्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण प्रभाव पार्छ। बागमती प्रदेश सरकारबाट ल्याइएको प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ मा उद्योग दर्ता गर्नुपर्ने, उद्योग सञ्चालनको जानकारी दिनु पर्ने, उद्योगको अनुगमन गर्नु पर्ने, उद्योग स्थान्तरणको जानकारी दिनुपर्ने, उद्योगको स्तरको वर्गीकरण, प्राथमिकता प्राप्त उद्योग, औद्योगिकक्षेत्र घोषणा गर्न सक्ने, औद्योगिकक्षेत्र वा कोरिडरमा आवासीय वा अन्य भवन वा बस्ती बसाउन नपाईने जस्ता कानुनी व्यवस्थाहरू गरिएका छन्। औद्योगिकक्षेत्रले स्वास्थ्यमा पार्ने प्रभाव र विद्यमान व्यवस्थालाई हेर्दा थप नीतिगत व्यवस्थाहरू गर्दै सहकार्यका अवसरहरू देखिन्छन्।

सहकारीहरू सदस्य-स्वामित्व भएका र सदस्य-केन्द्रित संस्थाहरू हुन् जसले आफ्ना सदस्यहरूको सामाजिक-आर्थिक आवश्यकताहरू पूरा गर्ने लक्ष्य राख्छन्। सबै नीतिमा स्वास्थ्य निर्देशिकाले सहकारी विकासलाई प्रवर्द्धन गर्ने र सहकारी सदस्यहरू र उनीहरूका समुदायहरूको भलाई सुनिश्चित गर्ने नीतिहरूलाई बढावा गर्न सक्छ। यसमा सहकारी सदस्यहरूका लागि स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, र निष्पक्ष काम गर्ने अवस्थाहरूमा पहुँच प्रदान गर्न समावेश हुन सक्छ।

## अनुसूची-३

दफा (७) को उपदफा (१) सँग सम्बन्धित

**क्षेत्रगत क्रियाकलाप, अपेक्षित नतिजा, जिम्मेवार निकाय र सहयोगी निकाय**

### १. शिक्षा, विज्ञान तथा प्रविधि

| क्र.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | विद्यालय तहको स्वास्थ्य विषयको पाठ्यक्रम विकास र शिक्षकको क्षमता अभिवृद्धि गर्ने। | शिक्षकको क्षमता अभिवृद्धि हुने,<br>पाठ्य सामग्री विकास हुने,<br>बहस पैरबी हुने,<br>स्वास्थ्यक्षेत्रसँग समन्वय र सहकार्य हुने। | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश शिक्षा तालिम केन्द्र, प्रदेश शिक्षा निर्देशनालय, स्थानीय तह। |
| (ख) | विद्यालय तहको स्वास्थ्य तथा शारीरिक शिक्षाको पाठ्यक्रम पुनरावलोकन गर्ने, सुझाव दिने र पैरबी गर्ने। | उमेर र पाठ्यक्रमका विषयवस्तु मिलाउने, तथ्यपरक विषय समेटिने, नसर्ने रोग, प्रति-जैविक प्रतिरोध न्यूनीकरण हुने, स्वस्थकर खाना, योग, स्वयं सेवा जस्ता विषयहरू समावेश हुने। | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश शिक्षा तालिम केन्द्र, शिक्षा निर्देशनालय, स्थानीय तह। |
| (ग) | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने। | प्राथमिक उपचारको व्यवस्थापन हुने,<br>विद्यालय शिक्षकहरु तालिम प्राप्त हुने,<br>किशोर किशोरीहरुलाई आइरन, फोलिक | सामाजिक विकास मन्त्रालय। | कृषि मन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह। |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | एसिड तथा जुकाको औषधी वितरण हुने, करेसाबारी (सिक्दै कमाउदै अभियान) को स्थापना हुने, विद्यालय नर्सको व्यवस्था हुने, स्वस्थकर विद्यालय वातावरण प्रवर्द्धन हुने, नसर्ने रोगको रोकथाम तथा नियन्त्रण हुने, पोषण युक्त खानपानको प्रवर्द्धन हुने, लागुपदार्थको दुर्व्यसन न्यूनीकरण हुने। | | |
| (घ) | महिनावारी स्वच्छता (किशोरीहरूलाई सेनिटरी प्याड वितरण) अनुगमन र अध्ययन कार्यक्रम कार्यान्वयन गर्ने। | गुणस्तरीय सेनेटरी प्याडमा पहुँच हुने, महिनावारी स्वच्छताको अवस्था र समस्याहरू पहिचान हुने। | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह। |
| (ङ) | विद्यालयहरुमा किशोरकिशोरी मैत्री सूचना केन्द्रको स्थापना गर्ने। | किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्यको बारेमा जानकारी हुने, खोप तथा परिवार नियोजनका | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय, प्रदेश नीति तथा योजना |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | साधनहरुको उचित प्रयोगको बारेमा जानकारी हुने, लैङ्गिक हिंसा न्यूनीकरण हुने, मानसिक स्वास्थ्य समस्याहरुमा कमी आउने, स्वास्थ्यसम्बन्धी सूचनाहरुको पहुँचमा अभिवृद्धि हुने। | | आयोग, स्थानीय तह। |
| (च) | विद्यालय अनुगमन चेकलिस्ट परिमार्जन तथा तयार गरी लागू गर्ने। | विद्यालय दिवा खाजा, विद्यालय क्यान्टिन व्यवस्थापन, शारीरिक शिक्षा, विद्यार्थीहरुको स्वास्थ्य तथा खेलकुदको विषय नियमित अनुगमन हुने। | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह। |
| (छ) | स्वस्थकर विद्यालय वातावरण कार्यक्रम लागू गर्ने। | हरित विद्यालय प्रवर्द्धन हुने, स्वच्छ खानेपानी र सरसफाईको व्यवस्था हुने, स्वच्छ शौचालयको प्रवर्द्धन हुने, फोहर-मैला व्यवस्थापन हुने। | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह। |
| (ज) | विद्यालय स्वास्थ्य कार्यक्रम निर्देशिका तर्जुमा गर्ने। | विद्यालयमा स्वास्थ्य शिक्षण, योग अभ्यास, स्वास्थ्य परीक्षण (शारीरिक र मानसिक) तथा | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय। | खानेपानी तथा सरसफाइ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | समुदाय र विद्यालयको सहकार्यमा स्वास्थ्य प्रवर्द्धन क्रियाकलापहरू सञ्चालन हुने। | | नीति तथा योजना आयोग, स्थानीय तह। |
| (झ) | विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यविधि निर्माण गर्ने। | विद्यालयमा शारीरिक शिक्षा र सक्रिय खेलकुद, विद्यालय स्वास्थ्य कार्यक्रममा सुधार हुने। | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाईसँग सम्बन्धित मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह। |

## २. युवा तथा खेलकुद

| क्र.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | युवामैत्री सूचना केन्द्र स्थापना र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | युवाहरूलाई स्वास्थ्यको सहज र व्यवस्थित सूचना प्राप्त हुने, सीप, पुँजी र प्रविधि हस्तान्तरण हुने। | सामाजिक विकास मन्त्रालय-युवा परिषद्। | स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह। |
| (ख) | खेलकुदमा आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन गर्ने। | खेलकुद प्रतियोगिता सञ्चालन गर्दा प्राथमिक | सामाजिक विकास मन्त्रालय-युवा परिषद्। | स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | उपचारको व्यवस्था हुने। | | तथा कानून मन्त्रालय, स्थानीय तह। |
| (ग) | मानसिक स्वास्थ्य, लागू पदार्थ तथा दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने। | चेतना अभिवृद्धि हुने, पैरबी र परामर्श सेवा उपलब्ध हुने। | सामाजिक विकास मन्त्रालय-युवा परिषद्। | स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह। |
| (घ) | आत्महत्या रोकथामसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने। | आत्महत्या रोकथाम हुने। | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय। | प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश प्रहरी, सहयोगी सङ्घ संस्थाहरु, स्थानीय तह। |
| (ङ) | व्यायाम तथा योगशालाहरू स्थापना तथा सञ्चालन गर्ने। | स्वास्थ्य प्रवर्द्धन हुने। | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय। | प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह। |

## ३. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता

| क्र.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | बाल अधिकार सुनिश्चित कार्यविधि निर्माण र कार्यान्वयन गर्ने। | अनिवार्य तथा नि:शुल्क शिक्षा हुने, बालबालिकाको हकसम्बन्धी व्यवस्था हुने, बाल श्रमको | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | नियन्त्रण हुने, आमाबाबु विहीन बालबालिकाको संरक्षण तथा स्याहार हुने। | | नीति तथा योजना आयोग, स्थानीय तह, विद्यालय। |
| (ख) | लैङ्गिक समावेशिता तथा सशक्तीकरणको पैरबी गर्ने। | लैङ्गिक हकको संरक्षण हुने, प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता हुने, क्षमता अभिवृद्धि हुने। | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह, विद्यालय। |
| (ग) | लैङ्गिक हिंसा विरुद्ध बहस, पैरबी र जनचेतना जगाउने। | एकद्धार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) को व्यवस्था हुने, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि हुने, सुरक्षित गृह (Safe house) को व्यवस्था हुने, लैङ्गिक हिंसा विरुद्धको शुन्य सहनशीलता हुने। | सामाजिक विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह, विद्यालय। |
| (घ) | ज्येष्ठ नागरिक हेरचाह र सहयोग निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने। | सम्मानपूर्वक र मर्यादित जीवन यापनका लागि नीति बन्ने, ज्येष्ठ नागरिकहरूको लागि बहस पैरबी हुने, पोषण र हेरचाहको प्रवन्ध हुने, ज्येष्ठ नागरिकको लागि | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय। | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | नर्सिङ्ग सेवाको व्यवस्था हुने। | | |
| (ङ) | अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य सेवाको पँहुच बढाउन कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने। | अपाङ्गता भएका व्यक्तिलाई सहज प्रजनन् स्वास्थ्य सेवा उपलब्ध हुने र प्रजनन् अधिकार संरक्षण हुने। | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय। | प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह। |
| (च) | अपाङ्गतामैत्री स्वास्थ्य र शिक्षा पूर्वाधारको पैरबी गर्ने। | अपाङ्गता भएका व्यक्तिहरूलाई सहज सेवा उपलब्ध हुने। | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय। | प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह। |
| (छ) | अपाङ्गता सहयोग सामग्रीको उपलब्धता बढाउने कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने। | अपाङ्गता सहयोग सामग्रीहरु उपलब्ध हुने, अपाङ्गता भएका व्यक्तिहरूलाई सहजता हुने। | सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय। | प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह। |
| (ज) | अटिजम भएका बालबालिकाहरुको लागि विशेष | अटिजम भएका बालबालिकाहरूको | सामाजिक विकास मन्त्रालय। | आर्थिक मामिला तथा योजना मन्त्रालय, |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | शिक्षा सञ्चालन गर्ने। | शिक्षाको अधिकार सुनिश्चित हुने। | | आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह। |

## ४. उर्जा, सिंचाई, खानेपानी, सरसफाई र स्वच्छता

| क.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | सुरक्षित र गुणस्तरीय खानेपानीको व्यवस्थापन कार्यविधि तर्जुमा गर्ने। | स्वच्छ खानेपानीमा नागरिकको पहुँच बढ्ने, गुणस्तर जाँच र अनुगमको लागि संयन्त्र बन्ने र क्षतिपूर्तिको व्यवस्था हुने। | खानेपानी तथा सरसफाई मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह। |
| (ख) | सरसफाई र स्वच्छता निर्देशिका तर्जुमा गर्ने। | सरसफाई र स्वच्छता निर्देशिका तर्जुमा हुने, फोहरको स्रोतको पहिचान तथा न्यूनीकरण हुने, घरैबाट फोहरको व्यवस्थापन हुने, श्रोतमा नै फोहरको वर्गीकरण गरी उचित व्यवस्थापन हुने, कार्यालय, पार्क, | खानेपानी तथा सरसफाई मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | बजार लगायतका सार्वजनिक ठाउँमा हात धुने लगायत स्वच्छताको व्यवस्था हुने। | | |
| (ग) | एक घर एक सुरक्षित शौचालय निर्माणको अभियान सञ्चालन गर्ने। | दिशा पिसाबको उचित विसर्जन भइ रोगको भारमा कमी आउने। | खानेपानी तथा सरसफाई मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय , वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |
| (घ) | शौचालय तथा ढल व्यवस्थापन कार्यविधि तर्जुमा गर्ने। | सार्वजनिक शौचालयको उपलब्धता तथा ढलको उचित व्यवस्था हुने, सार्वजनिक शौचालयको व्यवस्थापनको अनुगमन तथा नियमन हुने, सरसफाईसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन हुने। | खानेपानी तथा सरसफाई मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ५. कृषि, खाद्य र पोषण

| क.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | खाद्य सुरक्षाको पैरबी गर्ने रणनीति तर्जुमा गर्ने। | अन्तर मन्त्रालय बीचको प्रभावकारी समन्वय हुने, नीति निर्माण तहमा पैरबी हुने र खाद्यान्नको उपलब्धतामा सहयोग पुग्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |
| (ख) | पोषण र स्वस्थ खानाको मार्गदर्शन तयार गर्ने। | पोषण र खानाको ज्ञान, धारणा र असल व्यवहार कार्यान्वयन हुने, रैथाने तथा मौलिक खाद्य परिकार एवम् विधिको संरक्षण र सम्वर्द्धन हुने। | प्रदेश नीति तथा योजना आयोग र स्वास्थ्य मन्त्रालय। | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |
| (ग) | विषादीको समुचित प्रयोगसम्बन्धी निर्देशिका तर्जुमा गर्ने। | विषादीको समुचित प्रयोग हुने, विषादी अवशेष परीक्षण प्रयोगशाला तथा क्वारेण्टाइनलाई | कृषि तथा पशुपन्छी विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय | प्रदेश नीति तथा योजना आयोग, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | प्रभावकारी रुपमा सञ्चालन गरिने। | | तथा मन्त्रिपरिषद्को कार्यालय। |
| (घ) | पोषणसम्बन्धी प्रादेशिक नीति तर्जुमा गरी लागू गर्ने। | प्रदेशको पोषण समस्या सुधारमा सहयोग पुग्ने। | प्रदेश नीति तथा योजना आयोग र स्वास्थ्य मन्त्रालय | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। |
| (ङ) | जुस, लस्सी, पानीपुरी, चटपटे जस्ता खाद्य पदार्थ तयार तथा बिक्री वितरण मापदण्ड तयार गर्ने। | उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असरको रोकथाम हुने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वाणिज्य तथा आपूर्तिसम्बन्धी मन्त्रालय। | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , स्थानीय तह। |
| (च) | पोषणमैत्री स्थानीय तह घोषणा कार्यविधि तर्जुमा गर्ने। | पोषणमैत्री स्थानीय तह घोषणा हुने। | प्रदेश नीति तथा योजना आयोग र स्वास्थ्य मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्थानीय तह। |
| (छ) | दिगो कृषि व्यवस्थापन कार्यविधि तर्जुमा गर्ने। | माटोको उर्वरा शक्ति व्यवस्थापन हुने, स्थानीय वा रैथाने जातका पोषिला बालीहरू उत्पादनमा प्रोत्साहन हुने, | कृषि तथा पशुपन्छी विकास मन्त्रालय। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य सङ्घ, प्रदेश नीति तथा योजना आयोग, स्वास्थ्य मन्त्रालय, स्थानीय तह। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | कृषि वन प्रणाली अवलम्वन गर्ने, खेतीयोग्य जमिनको खण्डीकरण निरुत्साहन हुने, मूल्य शृङ्खलामा आधारित कृषि प्रणाली हुने, जडिबुटी खेती हुने। | | |
| (ज) | कौसी खेती कार्यक्रम सञ्चालन गर्ने। | तरकारीबाट उत्पादन हुने तथा भान्साबाट निस्कने फोहर व्यवस्थापन हुने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय। | खानेपानी र सरसफाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह। |
| (झ) | ताजा फलफुल बिक्री वितरणको मापदण्ड बनाउने। | ताजा फलफुल बिक्री वितरण भइ स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय। | वाणिज्यसँग सम्बन्धित मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |
| (ञ) | सिँचाइ प्रयोजनमा प्रयोग हुने पानीको गुणस्तर जाँच गर्ने। | खेती तथा बिरुवामा हुने रोग तथा खाद्य दुषित हुनबाट बचाउन सकिने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय। | खानेपानी तथा सरसफाई मन्त्रालय, सिँचाइ विभाग, स्वास्थ्य मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (ट) | कृषि श्रमिकहरूको स्वास्थ्य र सुरक्षा निर्देशिका तर्जुमा गर्ने। | पेशाजन्य स्वास्थ्य सुरक्षाको जनचेतना अभिवृद्धि हुने, भ्याक्सिनेसनका कार्यक्रमहरू सञ्चालन हुने, उपचारात्मक व्यवस्था र बिमाको व्यवस्था हुने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रालय। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वन तथा वातावरण मन्त्रालय,उद्योग वाणिज्य सङ्घ, प्रदेश नीति तथा योजना आयोग, स्वास्थ्य मन्त्रालय, स्थानीय तह। |

## ६. पशुपन्छी स्वास्थ्य

| क्र.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | जुनोटिक रोगको रोकथाम तथा व्यवस्थापन निर्देशिका तर्जुमा गर्ने। | जुनोटिक रोगको रोकथाम हुने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय। | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग। |
| (ख) | पशुपन्छी क्षेत्रमा रहेका श्रमिकहरूको स्वास्थ्य र सुरक्षा निर्देशिका तर्जुमा गर्ने। | पेशाजन्य स्वास्थ्य सुरक्षाको जनचेतना अभिवृद्धि हुने, पशुपन्छी जन्य खोप सेवा, उपचारात्मक सेवा र बिमाको व्यवस्था हुने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य सङ्घ, प्रदेश नीति तथा योजना आयोग, स्वास्थ्य मन्त्रालय, स्थानीय तह। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (ग) | पशुपालनसम्बन्धी असल अभ्यासहरूसम्बन्धी मापदण्ड तर्जुमा गर्ने। | समायानुकुल असल अभ्यास अवलम्बन हुने, असल अभ्याससम्बन्धी पैरबी कार्यक्रम सञ्चालन हुने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय। | वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य सङ्घ, प्रदेश नीति तथा योजना आयोग, स्वास्थ्य मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |
| (घ) | पशुपन्छी क्षेत्रको प्रतिजैविक प्रतिरोधसम्बन्धी कानून तथा कार्यक्रम तर्जुमा | प्रतिजैविक प्रतिरोधमा कमी आउने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय। | वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य सङ्घ, प्रदेश नीति तथा योजना आयोग, स्वास्थ्य मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |

## ७. स्वास्थ्य तथा जनसङ्ख्या

| क्र.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने। | स्वास्थ्य तथा पोषणसम्बन्धी प्रदेशस्तरीय नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा भइ कार्यान्वयन भएको हुने। | स्वास्थ्य मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय सामाजिक विकास मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (ख) | प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन गर्ने। | आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता भएको हुने। | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह। |
| (ग) | प्रदेश स्वास्थ्य सेवासम्बन्धी प्राज्ञिक, व्यवसायिक र पेसागत सङ्घ संस्थाहरुको दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने। | स्वास्थ्य सेवा प्रदान गर्ने प्राज्ञिक, व्यवसायिक र पेसागत सङ्घ संस्थाहरुको नियमन हुने, स्वास्थ्य सेवाको सुदृढीकरणमा टेवा पुग्ने। | स्वास्थ्य मन्त्रालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, स्थानीय तह। |
| (घ) | स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन गर्ने। | गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता हुने। | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय सामाजिक विकास मन्त्रालय। |
| (ङ) | स्वास्थ्य बीमालगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन र नियमन गर्ने। | स्वास्थ्य बीमाको सुदृढीकरण भइ गुणस्तरीय स्वास्थ्य सेवाको उपभोगमा बृद्धि भएको हुने। | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक |

| | | | | |
|---|---|---|---|---|
| | | | | मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह। |
| (च) | बहुपक्षीय समन्वयमा औषधी निगरानी (Pharmacovigilance), औषधीको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण गर्ने। | सुक्ष्म जीवनिरोधक औषधीहरुको उचित प्रयोग भएको हुने, औषधीको नकारात्मक असरकोबारेमा निगरानी हुने। | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह। |
| (छ) | स्वास्थ्य सेवासम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र स्वास्थ्य सूचना प्रणालीलाई सुदृढ गर्ने। | स्वास्थ्यका तथ्याङ्कहरु अध्यावधिक भएका हुने, स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण भएको हुने। | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह। |
| (ज) | जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भिलेन्स) गर्ने। | स्वास्थ्यमा देखा पर्न सक्ने विभिन्न रोगहरुको उचित निगरानी भइ समयमा नै पहिचान गरी रोकथाम र उपचार गर्न सकिने। | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह। |
| (झ) | स्वास्थ्य आपत्कालीन अवस्था, विपद् तथा | स्वास्थ्य आपत्कालीन | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | महामारीको नियन्त्रण गर्ने। | अवस्था, विपद् तथा महामारीको तत्काल नियन्त्रण भएको हुने। | | मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह। |
| (ञ) | स्वास्थ्यजन्य फोहर व्यवस्थापनसम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गर्ने। | स्वास्थ्यजन्य फोहरको उचित व्यवस्थापन भएको हुने। | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह। |
| (ट) | जनसङ्ख्या, बसाई सराई र परिवार योजनासम्बन्धी नीति, योजना तर्जुमा गरी कार्यान्वयन गर्ने। | प्रदेशस्तरीय जनसङ्ख्या नीति निर्माण भइ जनसङ्ख्या व्यवस्थापनसम्बन्धी कार्यक्रमहरु कार्यान्वयन भएको हुने। | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय। |
| (ठ) | आयुर्वेद, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सालगायतका अन्य प्रचलित र परम्परागत स्वास्थ्य उपचार प्रणालीको विकास र विस्तार गर्ने। | आयुर्वेद, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सालगायतका अन्य प्रचलित र परम्परागत स्वास्थ्य उपचार प्रणालीको समुचित | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | कार्यान्वयन भएको हुने। | | |
| (ड) | स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन गर्ने। | स्वास्थ्यका भवन तथा आधुनिक प्रविधिमैत्री उपकरणहरुको उचित व्यवस्थापन भइ गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुने। | स्वास्थ्य मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, स्थानीय तह। |

## ८. श्रम, रोजगार र यातायात

| क.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | चालक अनुमति पत्रको लागि "स्वास्थ्य परीक्षण निर्देशिका" बनाउने। | स्वस्थ व्यक्ति पहिचान भइ चालक अनुमति पत्र प्रदान हुने, चालक स्वस्थ्य भएको यकिन हुने। | श्रम, रोजगार तथा यातायात मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश प्रहरी कार्यालय। |
| (ख) | सार्वजनिक यातायात सुरक्षा कार्यविधि (सवारी चालक र सहयोगीको स्वास्थ्य अनुगमन, गति नियन्त्रण, बाल | सडक दुर्घटनामा कमी आउने। | श्रम, रोजगार तथा यातायात मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश प्रहरी कार्यालय, प्रदेश ट्राफिक प्रहरी कार्यालय। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | श्रम निवारण) बनाउने। | | | |
| (ग) | वैदेशिक रोजगारमा जाने नागरिकको व्यक्तिगत विवरण तयार गर्ने (वैदेशिक रोजगार नम्बर दिने) र जाँदा र फर्किदा स्वास्थ्य अवस्थाको अभिलेख राख्न पैरबी गर्ने। | वैदेशिक रोजगारमा जाने नागरिकहरुको विवरण यकिन हुने, वैदेशिक रोजगारबाट फैलन सक्ने रोगहरुको रोकथाम तथा नियन्त्रण हुने। | श्रम, रोजगार तथा यातायात मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश प्रहरी कार्यालय। |
| (घ) | वैदेशिक रोजगारीमा जाने श्रमिकलाई स्वास्थ्य बिमा अनिवार्य गर्न पैरबी गर्ने। | श्रमिकको स्वास्थ्य सेवाको सुनिश्चितता हुने। | श्रम, रोजगार तथा यातायात मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, स्वास्थ्य बीमा बोर्ड, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय। |
| (ङ) | अनौपचारिक रोजगारीमा संलग्न श्रमिकहरूको दर्ता प्रक्रिया सुरु गर्ने/यातायात कम्पनी, स्थायी रुट परमिट नवीकरण गर्दा | श्रमिकहरूको स्वास्थ्य परीक्षण भएको हुने। | श्रम, रोजगार तथा यातायात मन्त्रालय। | आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री कार्यालय, प्रदेश सभा, प्रदेश प्रहरी कार्यालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | कार्यरत कर्मचारीको लिस्ट संलग्न गर्न लगाउने (१ वर्षभित्र स्वास्थ्य परीक्षण भए नभएको यकिन गर्ने) | | | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। |

## ९. उद्योग, वाणिज्य तथा आपूर्ति

| क्र.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | उद्योग अनुगमन चेकलिस्ट बनाउने र सो मा उद्योगबाट निस्कने फोहर र प्रदूषणको व्यवस्थापन, पेशागत स्वास्थ्य तथा सुरक्षाको प्रावधान समावेश गर्ने। | प्रदूषणको व्यवस्थापन र पेशागत स्वास्थ्य तथा सुरक्षाको प्रत्याभूत हुने। | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |
| (ख) | स्थानीय जडीबुटीको प्रयोग गरी सञ्चालन गरिने उद्योग नीति तर्जुमा गर्ने। | स्थानीय जडिबुटीको प्रवर्द्धन हुने, रोजगारी सृजना हुने। | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, सहकारी विषय हेर्ने मन्त्रालय र वन तथा वातावरण मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मन्त्रालय तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## १०. आवास, शहरी विकास तथा भौतिक पूर्वाधार

| क्र.स. | क्रियाकलाप | सम्बोधन गर्ने विषय | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | सडक निर्माण मापदण्ड तर्जुमा र अध्यावधिक गर्ने। | सडक दुर्घटनामा उल्लेखनीय रुपमा कमी आउने, नियमित सडक मर्मत सम्भार हुने र स्वास्थ्यमा पर्ने सम्भावित प्रभाव मूल्याङ्कन हुने। | भौतिक पूर्वाधार विकास मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मन्त्रालय तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तह। |
| (ख) | भौगोलिक अवस्थाअनुरुप न्यून लागत घरको डिजाइन मापदण्ड तयार गर्ने। | न्युनतम सुविधा सहितको भवन निर्माण हुने, आर्थिक बचत हुने। | भौतिक पूर्वाधार विकास मन्त्रालय, शहरी विकाससँग सम्बन्धित मन्त्रालय। | स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आर्थिक मामिला तथा योजना मन्त्रालय, स्थानीय तह। |
| (ग) | जोखिमयुक्त बस्ती पहिचान र जोखिम | जोखिम न्यूनीकरण हुने, | भौतिक पूर्वाधार | स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | न्यूनीकरण तथा स्थानान्तरण कार्यक्रम सञ्चालन गर्ने। | सुरक्षित स्थानमा बस्ती स्थानान्तरण हुने। | विकास मन्त्रालय। | वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, खानेपानी तथा सरसफाई मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश प्रहरी कार्यालय, स्थानीय तह। |
| (घ) | सहज पहुँचसहितको आवास निर्माणको व्यवस्था मिलाउने। | न्यून लागतको स्वस्थ्यकर र सुरक्षित घर, सुरक्षित फुटपाथ, एम्बुलेन्स र दमकलको सहज पहुँच, यातायातको सहज उपलब्धता हुने। | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, खानेपानी तथा सरसफाई मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश प्रहरी कार्यालय, स्थानीय तह। |
| (ङ) | अपराध रोकथामको व्यवस्था मिलाउने। | सडक बत्ती, सीसी क्यामेरा आदि मार्फत सुरक्षित शहरको | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्वास्थ्य मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापन गर्ने। | | प्रदेश प्रहरी कार्यालय, स्थानीय तह। |
| (च) | शहरी विकासको न्यूनतम आवश्यकताहरुको पूर्वतयारी गर्ने। | शहरमा हिँडडुल गर्न सकिने, साइकलमैत्री र अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज पहुँच, पार्क, हरियाली क्षेत्र, खेल मैदान आदिको सुनिश्चितता हुने। | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्वास्थ्य मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, खानेपानी तथा सरसफाई मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश प्रहरी कार्यालय, स्थानीय तह। |

## ११. वन, वातावरण तथा जलवायु परिवर्तन

| क.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | कृषि वन प्रणाली तथा जडिबुटी खेती निर्देशिका तर्जुमा गर्ने। | सार्वजनिक वन/कबुलियती वन तथा निजी जग्गामा जडिबुटी तथा फलफूल खेती एवं कृषि वन प्रणालीको प्रवर्द्धन हुने तथा बजारको उचित व्यवस्थापन हुने। | वन तथा वातावरण मन्त्रालय तथा वनस्पती विभाग। | स्थानीय तह, प्रदेश नीति तथा योजना आयोग, स्वास्थ्य मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | |
|---|---|---|---|---|
| (ख) | चुरेक्षेत्र तथा संवेदनशील क्षेत्रमा रहेको खोला खहरेमा बाँस तथा वृक्षारोपणको पैरबी तथा आवश्यक बृहत कार्यक्रम सञ्चालन गर्ने। | भू-क्षय रोकिने र पर्यावरण सन्तुलनमा सघाउ पुग्ने,<br>सडक छेउमा सौन्दर्य वृक्षारोपण हुने। | वन तथा वातावरण मन्त्रालय। | चुरे विकास कार्यक्रम, स्थानीय तह, प्रदेश नीति तथा योजना आयोग, सरोकारवाला सबै मन्त्रालयहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। |
| (ग) | दिगो वन व्यवस्थापन कार्यविधि तयार गर्ने। | पर्यावरण सन्तुलन राख्दै वनको उत्पादकत्व अभिवृद्धि हुने,<br>जडिबुटी खेतीको संरक्षण हुने,<br>सालक तथा दार लगायत संकटासन्न वन्यजन्तु तथा वनस्पतिको संरक्षण हुने। | वन तथा वातावरण मन्त्रालय | चुरे विकास कार्यक्रम, स्थानीय तह, प्रदेश नीति तथा योजना आयोग, सरोकारवाला सबै मन्त्रालयहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। |
| (घ) | जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण गर्ने। | जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका लागि नीति तथा रणनीतिहरूको विकास र कार्यान्वयन हुने साथै नवीकरणीय उर्जा प्रवर्द्धन हुने। | वन तथा वातावरण मन्त्रालय | चुरे विकास कार्यक्रम, स्थानीय तह, प्रदेश नीति तथा योजना आयोग, सरोकारवाला सबै मन्त्रालयहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## १२. पर्यटन, संस्कृति र सहकारी

| क्र.स. | क्रियाकलाप | अपेक्षित नतिजा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| (क) | स्वास्थ्य पर्यटनको कार्यक्रम सञ्चालन गर्ने। | आन्तरिक तथा वाह्य पर्यटक लक्षित गरी पञ्चकर्म, पूर्वकर्म, प्राकृतिक चिकित्सा, योग आदि मौलिक चिकित्सा पद्धतिको प्रवर्द्धन हुने। | पर्यटनसँग सम्बन्धित मन्त्रालय र स्वास्थ्य मन्त्रालय। | प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह। |
| (ख) | पर्यटकीय स्थानहरूमा स्वास्थ्य संस्था स्थापना र सञ्चालनसम्बन्धी कार्यविधि तर्जुमा गर्ने। | पर्यटकको लागि स्वास्थ्य सेवा उपलब्ध हुने। | पर्यटनसँग सम्बन्धित मन्त्रालय र स्वास्थ्य मन्त्रालय। | प्रदेश नीति तथा योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक विकास तथा पूर्वाधारसँग सम्बन्धित मन्त्रालय, स्थानीय तह। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची-४

दफा (१४) को उपदफा (१) सँग सम्बन्धित

### सबै नीतिमा स्वास्थ्यबाट अपेक्षित नतिजा

सबै नीतिमा स्वास्थ्य समावेश गरिएमा देहाय बमोजिमका महत्त्वपूर्ण नतिजाहरू प्राप्त गर्न सकिन्छ।

१. **स्वास्थ्य समता (Health Equity):** सबै नीतिमा स्वास्थ्यको अवधारणाले स्वास्थ्य असमानता ल्याउन सहयोग गर्ने अन्तर्निहित सामाजिक र आर्थिक निर्धारकहरूलाई सम्बोधन गरेर स्वास्थ्य समतामा जोड दिन्छ। कमजोर र सीमान्तकृत जनसङ्ख्याको आवश्यकतालाई ध्यानमा राखेर स्वास्थ्य असमानता कम गर्न र सम्बद्ध नीतिहरूले समाजका सबै तह र तप्काहरूलाई फाइदा पुऱ्याउने कुरा सुनिश्चित गर्न मद्दत गर्न सक्दछ।

२. **समग्र दृष्टिकोण (Holistic Approach):** अरू थुप्रै क्षेत्रका अन्तरसम्बन्धित कारकहरूको प्रभाव मानिसको स्वास्थ्यमा पर्ने कुरालाई मध्य नजर गर्दै सबै नीतिमा स्वास्थ्यको अवधारणाले स्वास्थ्यको लागि एक समग्र दृष्टिकोण अपनाउने मान्यता राख्दछ। सबै क्षेत्रहरूका नीतिमा स्वास्थ्य पक्षहरू समावेश गरेर यसले स्वास्थ्य चुनौतीहरूको जटिल र बहुआयामिक प्रकृतिलाई सम्बोधन गर्दछ। जसले गर्दा थप व्यापक र प्रभावकारी समाधानहरूतर्फ अग्रसर हुने वातावरण सृजना हुन्छ।

३. **रोगको रोकथाम र स्वास्थ्य प्रवर्द्धन (Disease Prevention and Health Promotion):** सबै नीतिमा स्वास्थ्यको अवधारणाले स्वास्थ्य समस्याको मूल कारणहरूलाई सम्बोधन गरेर रोकथाम र स्वास्थ्य प्रवर्द्धनमा जोड दिन्छ। नीतिहरूमा स्वास्थ्यका पक्षहरू समावेश गरेर सहयोगी वातावरण सृजना गर्न मद्दत गर्दछ। जसले स्वस्थ हुने उपायहरूको छनोटलाई सजिलो बनाउँछ र रोग र रोगहरूको कारकहरूलाई सुरुवातमा नै रोक्न मद्दत गर्दछ।

४. **अन्तरक्षेत्रीय सहयोग (Intersectoral Collaboration):** सबै नीतिमा स्वास्थ्यको अवधारणाले विभिन्न क्षेत्र र सरोकारवालाहरू बीचको सहकार्य र साझेदारीलाई जोड दिन्छ। बहुपक्षीय सहकार्यमा काम गरेर सम्बद्ध क्षेत्रहरूले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

स्वास्थ्य चुनौतीलाई अझ प्रभावकारी रूपमा सम्बोधन गर्न स्रोतहरू, विशेषज्ञता र जिम्मेवारीमा सहकार्य गर्न सक्छन्। यो सहयोगले स्वास्थ्य र समृद्धिको लक्ष्य प्राप्त गर्नमा तालमेल बढाउँछ, नवीन समाधानहरू र अधिक दक्षतातर्फ डोऱ्याउँदछ।

५. **दिगो विकास (Sustainable Development):** सबै नीतिमा स्वास्थ्यको अवधारणाले नीतिहरूको दीर्घकालीन सामाजिक, आर्थिक र वातावरणीय प्रभावहरूलाई विचार गरेर दिगो विकासका सिद्धान्तहरूसँग समन्वय गर्दछ। यसले स्वास्थ्य नतिजामा सुधार मात्र नभई वातावरणीय दिगोपन, सामाजिक न्याय र आर्थिक समृद्धिमा पनि योगदान पुऱ्याउने नीतिहरू अवलम्बन गर्न प्रोत्साहन गर्दछ।

६. **नीतिगत एकरूपता (Policy Coherence):** यसले विभिन्न क्षेत्रहरू बीचको विरोधाभासलाई कम गरेर नीतिगत एकरूपता सुनिश्चित गर्न मद्दत गर्दछ। यसले सबै क्षेत्रका नीतिहरूलाई मानव स्वास्थ्य तर्फ पंक्तिबद्ध गरी एक ठाउमा ल्याउन प्रोत्साहन गर्दछ। जसले गर्दा सरकारका निकायहरूमा स्वास्थ्य र सम्बृद्धिका लागि नीतिगत एकरूपता कायम गर्न सहज हुन्छ।

सबै नीतिमा स्वास्थ्यको अवधारणा अपनाएर नीति निर्माताहरूले स्वास्थ्यको अन्तर्निहित निर्धारकहरूलाई सम्बोधन गर्न, स्वास्थ्य असमानताहरू समाधान गर्न र स्वस्थ जीवनलाई सहयोग गर्ने वातावरण सृजना गर्न सक्दछन्। यसको कार्यान्वयनले स्वास्थ्य एक साझा जिम्मेवारी हो र यसका लागि स्वास्थ्य क्षेत्रभन्दा बाहिरको कार्य आवश्यक छ भनी स्वीकार गर्दै नीति निर्माणमा व्यापक र सहयोगी दृष्टिकोणलाई प्रश्रय दिन्छ। सबै नीतिमा स्वास्थ्यको अवधारणाको कार्यान्वयन मार्फत सरकारले जनस्वास्थ्य प्रवर्द्धन गर्न, स्वास्थ्य असमानता घटाउन, व्यक्ति र समुदायको समग्र स्वास्थ्य र कल्याणमा सुधार गर्न महत्त्वपूर्ण प्रगति गर्न सक्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश